जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १६० • २०८० साल कार्त्तिक १७ गते शुक्रबार (3 November, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

### प्रहरी समायोजन र निजामती सम्बन्धी विधेयक पेश भएन

# प्रदेशमा सुरक्षा चुनौती, सरकार निरीह



**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले बजेट अधिवेशनबाटै पारित गर्ने भनेको संघीय निजामती सेवा विधेयक संसदमा पेश नै नभइ अधिवेशन अन्त्य भएको छ । भदौ २१ को मन्त्रिपरिषद् बैठकले उक्त विधेयक संसदमा पेश गर्न स्वीकृति दिए पनि कर्मचारीहरुले आफ्नो स्वार्थका कारण मन्त्रिपरिषद्को निर्णय पनि कार्यान्वयन गरेनन् । प्रधानमन्त्रीसमेत कर्मचारीहरूको स्वार्थमा अलमलिएको विधेयक संसदमा पठाउन नसक्दा निरीह देखिए ।

सरकारले भदौ २२ मा मनाइने निजामती सेवा दिवसको दिन विधेयक संसदमा पेश गर्ने निर्णय गरेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले निजामती सेवा दिवसको मूल समारोहमै कर्मचारीलाई विधेयक संसदमा जाने तय भएको भन्दै बधाई समेत दिएका थिए ।

तर विधेयक प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै अड्किरहेको छ । स्रोतका अनुसार मन्त्रिपरिषद्ले स्वीकृत गरेको विधेयक फेरि मन्त्रिपरिषद्मै फर्किएको छ । र, त्यसलाई फेरि मन्त्रिपरिषद्ले पारित गरेपछि मात्र संसद लैजान सकिने अवस्था छ ।

निजामती विधेयकसँगै मन्त्रिपरिषद्ले संसदमा पठाउने निर्णय गरेको विद्यालय शिक्षा विधेयक भदौ २७ मा दर्ता भएर सैद्धान्तिक छलफलपछि दफावार छलफलका लागि संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पुगिसकेको छ । शिक्षा विधेयकमा शिक्षकहरुले विरोध जनाएपछि भएको आन्दोलन सहमतिमा टुंगिएर ऐन निर्माण विधायकी प्रक्रियामा गइसकेको छ ।

तर मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको निजामती विधेयक भने कर्मचारीहरुले आफ्नो स्वार्थ अनुसार संशोधन र फेरबदल गरेपछि समयमा संसदमा पेश हुन सकेन । असोज पहिलो साता अमेरिका र त्यतैबाट चीन भ्रमणमा गएका प्रधानमन्त्री दाहाल असोज १३ मा फर्किएपछि विधेयक संसदमा पेश हुने अपेक्षा गरिएको थियो । तर त्यसको एक महिनासम्म विधेयक संसदमा दर्ता हुन सकेन र बिहीबार त संसदको अधिवेशन नै अन्त्य भयो ।

अब मंसिर पहिलो साताअघि संसदको अर्को अधिवेशन सुरु हुने छैन । त्यसैले यो विधेयक मंसिरअघि संसद पुग्ने छैन । मुख्यतः दुई विवादले विधेयक संसदमा पठाउन नसकिएको अधिकारीहरु बताउँछन् । प्रदेश सचिव खटाउने अधिकार संघीय सरकारमा राख्ने कि प्रदेशलाई दिने भन्नेमा संसदमा रहेका दलहरुबीच एकमत छैन । यसमा कर्मचारी तहमा पनि समान बुझाइ छैन ।

त्यस्तै विधेयकमा अतिरिक्त सचिवको व्यवस्था राख्ने कि नराख्ने विषयमा उपसचिव र सहसचिवस्तरका कर्मचारीबीचको विवादका कारण पनि यो विधेयकमा ढिलाइ भएको छ ।

अन्तरतह सरुवा, समायोजन लगायतका विषयमा प्रस्तावित व्यवस्थामा केही फेरबदल हुन सक्ने एक अधिकारीले बताए । उनका अनुसार समायोजन भएका कर्मचारीलाई संघीय निजामती सेवाको पदमा नै बढुवाका लागि अवसर दिनेसहित प्रतिस्पर्धाका लागि उमेर हदलगायतमा केही नयाँ व्यवस्था गर्नेबारे छलफल भएका छन् । तर, सरकार अझै पनि कर्मचारीहरुको किचलो छिचोल्न सकिरहेको छैन ।

नयाँ संविधान जारी भएपछि संघीय निजामती ऐन नबन्दा प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्न कठिनाइ भएको छ । जसका कारण प्रदेश र स्थानीय तहको सेवा प्रवाहमै समस्या उत्पन्न भएको छ । यसअघि २०७५ सालमा संसदमा दर्ता भएको संघीय निजामती सेवा विधेयक विवादका कारण अघि नबढेपछि सरकारले २०७८ असोज १९ मा फिर्ता लिएको थियो ।

सरकारले बिहीबारको सदनमा निजामती विधेयक पेश गर्ने तयारी गरेका थिए भने प्रहरी समायोजनको विषयमा समेत निर्णय गर्ने तयारी गरेका थिए । तर, प्रहरी समायोजन ऐन आउन नसकेपछि प्रदेशमा सुरक्षाको चुनौती बढेको छ । दैनिक जसो हत्या हिँसाका घटना भए पनि प्रदेश सरकार निरीह बनेको छ ।

प्रदेशमा दिनदहाडै गोली हानी हत्या गर्ने तथा स-साना विवादमा समेत हत्या गर्ने जस्ता प्रकृतिका घटनाहरु बढे पनि प्रदेश सरकारले केही गर्न सकेका छैनन् । प्रहरी अहिलेसम्म संघीय सरकारकै मातहतमा रहेका छन् । प्रदेश सरकारका प्रमुखहरुले विगतमा पनि संघीय सरकारबाट अधिकार प्रत्यायोजन हुनुपर्ने भन्दै दबाब स्वरुप जनकपुरधाममै सातवटै प्रदेशका गृहमन्त्रीहरुले जनकपुरधाम घोषणापत्र जारी गरेका थिए ।

केही दिन पूर्व मात्रै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, भौतिक पूर्वाधार मन्त्री कृष्णा यादव र माओवादी केन्द्रका नेता भरत साह प्रधानमन्त्री दाहाल संग भेटेर प्रहरी समायोजन सम्बन्धमा निर्क्योल निकाल्न आग्रह गरेका थिए । हुन त जवाफमा प्रधानमन्त्री दाहालले निजामती कर्मचारी विधेयक र प्रहरी समायोजन दुबै बिहीबारसम्म टुंगो लगाउने आश्वासन दिएका थिए तर कुनै निर्णय हुन सकेन् । सरकारले प्रतिनिधिसभाको चालु अधिवेशन अन्त्य गर्नुभन्दा पूर्व यी दुबै निर्णय गर्नसक्ने मधेश प्रदेश लागयतका अन्य प्रदेशका प्रमुखहरु आशावादी भएर बसेका थिए ।

# मधेश प्रदेशका दशगजा क्षेत्रका सीमास्तम्भ मर्मत सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी बल नेपालले मधेश प्रदेशका आठवटै जिल्लास्थित नेपाल-भारत दशगजा क्षेत्रमा रहेका सीमास्तम्भको पुनःनिर्माण, मर्मत सम्भार र पुनःस्थापना सुरु गरेको छ ।

बिहीबार धनुषाको मुखियापट्टी मुसहरनीया गाउँपालिका-६ जटही नाका नजिक रहेको सीमास्तम्भ नं २८५/४ बाट मर्मतसम्भार सुरु गरिएको सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिबासका प्रमुख, सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहले जानकारी दिए ।


प्रदेशका आठ जिल्लामा रहेका चार हजारभन्दा बढी स्तम्भमध्ये पहिलो चरणमा नेपाल पक्षबाट विजोर नम्बरका एक हजारभन्दा बढी सीमास्तम्भको आवश्यकतानुसार पुनःनिर्माण, मर्मतसम्भार र पुनः स्थापनाको काम गरिने शाहको भनाइ छ ।

"विसं २०७७ साउन १९ गते नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयअनुसार बनाइएको 'सीमा क्षेत्रमा रहेका सीमास्तम्भहरुको निर्माण, मर्मतसम्भार र पुनःस्थापनासम्बन्धी मापदण्ड २०८०' बमोजिम बिहीबारदेखि विजोर नम्बरका सीमास्तम्भको पुनःनिर्माण, मर्मत सम्भार र पुनःस्थापनाको काम सुरु भएको छ", सशस्त्र प्रहरी नायब महानिरीक्षक शाहले भने, "यस कार्यले सीमाको संरक्षण हुनुका साथै सीमा क्षेत्रमा हुने विवाद, सुरक्षा चुनौती र नेपाल–भारत द्विपक्षीय हितका विषयमा पनि सूक्ष्मरुपमा अध्ययन गर्न सघाउ पुग्नेछ । यस कार्यमा स्थानीय जनप्रतिनिधिको महत्वपूर्ण सहयोग रहने छ भन्ने विश्वास लिएका छौं ।"

त्यसैगरी भारतीय सीमा सुरक्षा बल नं ४८ बटालियनका डेपुटी कमान्डर सन्तोषकुमारले दुई देशका सरकारले गरेका निर्णय र समझदारीअनुसार आफूहरु सीमा सुरक्षाको संवेदनशीलताबारे गम्भीर रहेको बताए । नेपालले बिजोर र भारतले जोर सीमास्तम्भको मर्मतसम्भार गर्ने सहमतिअनुसार आफूहरुले पनि आवश्यक कार्य अगाडि बढाउने र जसले सीमास्तम्भको मात्र नभइ दुई देशको सुरक्षा, सद्भाव र सीमासम्बन्धी प्राविधिक जटिलता समाधानका लागि पनि सहयोग पुग्ने उनको भनाइ छ ।

> प्रदेशका आठ जिल्लामा रहेका चार हजारभन्दा बढी स्तम्भमध्ये पहिलो चरणमा नेपाल पक्षबाट विजोर नम्बरका एक हजारभन्दा बढी सीमास्तम्भको आवश्यकतानुसार पुन:निर्माण, मर्मतसम्भार र पुन: स्थापनाको काम गरिने शाहको भनाइ छ ।

त्यस अवसरमा नगराईन नगरपालिका प्रमुख विनयकुमार यादव, मुखियापट्टी मुसहरनिया गाउँपालिका अध्यक्ष जयकुमार यादव, सम्बन्धित वडाध्यक्ष, सशस्त्र प्रहरी बल धनुषाका प्रमुख, प्रहरी उपरीक्षक दिनेश मल्ललगायत सरोकारवालाको उपस्थिति रहेको थियो ।




# २९० दिन सदन चल्दा एउटा कानुनमात्रै संशोधन

**टुडे समाचारदाता**

काठमाण्डु । नयाँ निर्वाचनपछि प्रतिनिधि सभाले बल्लतल्ल एउटा कानुन संशोधन गरेको छ । २०७९ साल पुस २५ गतेदेखि सुरू भएको प्रतिनिधि सभाले एक वर्षको समय गुजार्नै लाग्दा बजेट पास गर्नुबाहेक मुस्किलले एउटा कानुनमात्रै संशोधन गर्न सकेको छ ।

एक सय १० दिन चलेको प्रतिनिधि सभाको पहिलो अधिवेशनमा कुनै पनि कानुन बनेको थिएन । त्यस्तै वैशाख २४ गतेदेखि सुरू भएको दोस्रो अधिवेशन १ सय ८० दिन चलेको थियो । यसरी निर्वाचनपछि २९० दिन सदन चल्दासमेत एउटा मात्र कानुन संशोधन भएको छ ।

यसबीचमा प्रतिनिधि सभाले जम्मा एउटा मिटरब्याज पीडितसँग सम्बन्धित मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक मात्र पारित गरेको छ । सरकारले मिटरब्याज पीडितको आन्दोलनपछि ल्याएको अध्यादेशलाई प्रतिस्थापन गर्न उक्त विधेयक राष्ट्रिय सभामा पेश गरेको थियो । उक्त विधेयकसमेत ६० दिनको संवैधानिक समयसीमा कटाएर पारित गरिएको थियो । प्रतिनिधि सभामा उत्पत्ति भएका कुनै पनि विधेयक अहिलेसम्म पारित भएको छैन ।






# सहमति नमान्ने पीडक र पीडित दुबैलाई कारबाही हुने

**टुडे समाचारदाता**

सर्लाही । अनुचित लेनदेन (मिटरब्याज) का सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा भएको सहमति कार्यान्वयन गर्न अस्वीकार गर्ने पीडक र पीडित दुबैविरुद्ध कारबाही हुने निर्णय गरिएको छ।

बिहीबार जिल्ला प्रशासन कार्यालय मलंगवामा बसेको अनुचित लेनदेन (मिटरब्याज) समन्वय बैठकले कार्यालयमा आएर सहमति गरेपश्चात पछि गएर सहमति अस्वीकार गर्ने जो कोहीविरुद्ध कारबाहीका गरिने निर्णय गरेको छ।

कार्यालयमा सहमति भएपछि पीडकले सहमति भएको रकम लिन अस्वीकार गरेमा उनीविरुद्ध मुद्दा दायर गर्न पाइने छ। त्यस्तै, पीडितले पनि निर्धारित अवधिभित्रै सहमति भएको रकम नदिए वा दिन आलटाल गरे पीडक सम्बन्धित निकायमा जान सक्ने भनी निर्णय भएको जिल्ला प्रशासन कार्यालय मलंगवाले जनाएको छ।

कार्यालयमा यसअघि पीडक र पीडितबीच छलफल गराएर भएको सहमति कार्यान्वयन नभएको गुनासो आएपछि जिल्ला प्रशासनले बिहीबार सबै सरोकारवालालाई बोलाएर छलफल गरी यस्तो निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी एवं जिल्ला स्तरीय मिटरब्याज पीडित समन्वय/सहजीकरण समितिका संयोजक कोमलप्रसाद धमलाको अध्यक्षतामा अन्य सरोरकारवाला समेतको उपस्थितिमा बैठक सम्पन्न भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

# कवाडी व्यवसायमा चुनौती थपिँदै

**बखतियार अलि**



सर्लाही । दशैं सके लगत्तै दीपावली र छठ पर्व आउनै लाग्दा सहर, बजार तथा गाउँगाउँमा कवाडी सामान संकलन गर्ने मानिसहरुको लर्को देखिन थालेका छन्। यतिबेला उनीहरू साइकल र ठेला लिएर टोलटोलमा पुगेर दीपावली पर्वका लागि घरको सफाइ गर्ने क्रममा निस्किएका पुराना कागज, प्लास्टिक तथा धातुजन्य कवाडी सामानहरु संकलन गरिरहेको देखिन्छन्।

सर्लाहीको मलंगवा नगरपालिका क्षेत्रभित्र मात्रै आधा दर्जनभन्दा बढी कवाडी संकलन केन्द्रहरु रहेका छन्। ती सबै केन्द्रमा झण्डै ५ दर्जन नेपाली तथा भारतीय कवाडी संकलकहरु रहेका छन्। ती मध्ये भारतीय नागरिकहरुको संख्या अधिक रहेका छन्। उनीहरु आफ्नो देश छाडेर नेपालमा पैसा कमाएर घर परिवार धान्ने गर्छन। तर नेपालीहरु भने वैदेशिक रोजगारीमा जाने सोच बनाएर बसेको देखिन्छन्।

भारतको सीतामढीका रामजी दास विगत १० वर्ष भन्दा बढीदेखि मलंगवामा पुराना कागज, प्लास्टिक तथा धातुजन्य कवाडी सामान संकलन गरिरहेका छन्। उनी अन्य दिनको भन्दा दीपावलीको समयमा बढी आम्दानी हुने गरेको बताउँछन्। तर गएको वर्षदेखि कवाडको व्यापारमा एकाएक गिरावट आएको छ। पहिला कवाडी संकलन गर्ने मानिसहरुको संख्या कम हुँदा पुराना सामग्रीहरु पनि अधिक मात्रामा संकलन हुन्थ्यो। तर पछिल्लो समय कमाई राम्रो भइरहेको देखेर युवाहरु पनि यस व्यवसायमा संलग्न भएपछि कवाड संकलकहरुको संख्या बढेर पुराना सामानहरु कम पाउन थालेपछि कमाईमा लगभग आधा जति गिरावट आएको दासले बताए।

मानिसहरु प्रायःजसो वर्षको एकपटक दीपावलीको समयमा आ-आफ्नो घरको पूर्ण रुपमा सरसफाइ गर्ने गरेकाले अघिपछि भन्दा यसै समयमा धेरै काम नलाग्ने कवाडी सामानहरु संकलन हुने गरेको कवाडी संकलकहरु बताउँछन्। अन्य दिनको भन्दा दीपावलीमा घर सफा गर्दा काम नलाग्ने सामानहरु बढी मात्रामा निस्कने गरेकाले अहिले निस्किएका सामान र वर्ष दिनको अवधिमा जम्मा गरेर राखिएका सामानहरु सँग एकैसाथ बिक्री गर्दा बढी पैसा पाउने भएकोले मानिसहरु प्रायःजसो दीपावलीको समयमा कवाडी सामानहरु बिक्री गर्ने गर्छन्। जसले गर्दा कवाडी संकलकहरु दीपावलीको समयमा बढी कमाई हुने गरेको छ। अन्य दिनको तुलनामा चाडपर्वको बेला फोहोरबाट मोहोर कमाउन थुप्रै कवाडीवालाहरु सामान संकलन गरिरहेको देखिन्छन्। तर उता भने कवाडी संकलन केन्द्रका साहुको भने बेग्लै दुखेसो छ। कवाडी संकलन गर्नेहरुको कमाइ राम्रो भए पनि संकलन केन्द्रका साहुहरु भने सरकारलाई बुझाउनुपर्ने विभिन्न किसिमको राजश्व र गोदाममा जम्मा गरेर राखिएका सामानहरुको चोरीका कारण घाटा भइरहेको गुनासो गरेका छन्।

कवाडीहरु फलाम प्रतिकिलो ५० रुपैयाँ, प्लास्टिक प्रतिकिलो २० रुपैयाँ, कागज प्रतिकिलो १५ देखि २० रुपैयाँ र सिसाको बोतल प्रति गोटा १ देखि डेढ रुपैयाँमा खरिद गरेर संकलन केन्द्रलाई प्रतिकिलो ५ वा सो भन्दा बढी रुपैयाँमा बिक्री गर्ने गरेका छन्।

कवाडीहरुका अनुसार बिहानैदेखि राम्ररी साइकलमा घुम्दा दैनिक ६ देखि ८ सय रुपैयाँसम्म आम्दानी हुने गरेको छ। घरपरिवार राम्ररी नै चलेकोले यस पेशाबाट सन्तुष्ट रहेको उनीहरू बताउँछन्। गाउँ-गाउँबाट कवाडीहरुमार्फत संकलन केन्द्रमा जम्मा गरिएका पुराना सामग्रीहरु संकलन केन्द्रले सम्बन्धित उद्योगमा पठाएर प्रशोधन गरी पुनः प्रयोगमा ल्याइन्छ।

# नेप्से परिसूचकको ओरालो यात्रा जारी




काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १० दशमलव ८६ अङ्कले ओरालो लागेर एक हजार आठ सय ४७ दशमलव ७० मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक दुई दशमलव १९ अङ्कले ओरालो लागेर तीन सय ५७ दशमलव ७६ मा सीमित भएको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

कूल ३७ लाख ४९ हजार नौ सय ५४ कित्ता शेयर रु ९६ करोड ४४ लाख ७७ हजार सात सय ११ मूल्यमा कारोबार भयो। कारोबारका आधारमा आशा लघुवित्त शीर्ष स्थानमा छ। सो कम्पनीको रु १० करोड १० लाख बराबरको कारोबार भयो।

यस्तै, प्राइम बैंकको रु छ करोड ४५ लाख ५२ हजार पाँच सय ५१, सोनापुर मिनरल्स रु चार करोड ४९ लाख ६८ हजार नौ सय सात, सोल्टी होटल रु दुई करोड ७९ लाख ८१ हजार सात सय ६४ र हाथवे इन्भेस्टमेन्टको रु दुई करोड ६४ लाख ३१ हजार बराबरको कारोबार भई शीर्ष पाँचमा पर्न सफल भयो।

नेप्सेका अनुसार, चन्द्रागिरि हिल्स छ दशमलव शून्य चार, हिमालयन लघुवित्त पाँच, एनआइबिएल प्रगति फण्ड चार दशमलब ९६, सोल्टी होटल चार दशमलव ७७ र एनआइसी एशिया ग्रोथ फण्डका लगानीकर्ताले चार दशमलव ७२ प्रतिशतले कमाएका छन्।

यस्तै, सयपत्री हाइड्रो पावर १०, रावा इनर्जी सात दशमलव ४६, बुद्धभूमि नेपाल हाइड्रोपावर पाँच दशमलब ९१, सामलिङ पावर चार दशमलब ८२ र सुपर मादी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ७३ प्रतिशतले गुमाएका छन्। रासस

# राष्ट्रपतिसँग शिष्टाचार भेट



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग गणतन्त्र कोरियाका कृषि, खाद्य तथा ग्रामीण मामिलामन्त्री चुङ वाङ केन नेतृत्वको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ।

त्यस अवसरमा राष्ट्रपतिले नेपाल र गणतन्त्र कोरियाबीचको सम्बन्ध पछिल्ला वर्षमा अझ प्रगाढ हुँदै गएकामा खुशी व्यक्त गर्नुभयो। साथै उहाँले नेपालको सामाजिक तथा आर्थिक विकासमा कोरिया भरपर्दो साझेदारकारूपमारहेकोबताउनुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)मार्फत नेपालले प्राविधिक सहयोग एवं जनशक्ति विकासलगायत विभिन्न क्षेत्रमा प्राप्त सहायताका निम्ति कोरिया सरकारप्रति कृतज्ञता ज्ञापन गर्नुभयो। रासस

# राष्ट्रियसभामा विपीन जोशीको रिहाइको पहलदेखि संयुक्त राष्ट्रसङ्घका महासचिवको चर्चा

काठमाण्डु । राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरुले इजरायलमा हमास समूहको नियन्त्रणमा रहेको भनिएका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइको पहलदेखि संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमणको उपलब्धिबारे चर्चा गर्नुभएको छ।

बैठकमा दलीय आधारमा बोल्दै सांसदहरुले सङ्घीयतालाई बलियो बनाउन थाती रहेको कानून चाँडो निर्माण गर्न तथा राष्ट्रियसभाको काम कारबाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन आग्रह गर्नुभयो।

नेकपा (माओवादी केन्द्र) का सांसद मायाप्रसाद शर्माले विपीन जोशी हामासको नियन्त्रणमा रहेको पुष्टि भएको भन्दै जोशीको रिहाइका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ। साथै उहाँले संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसको नेपाल भ्रमण उपलब्धिमूलक भएको र शान्ति प्रक्रिया र जलवायु परिवर्तनका विषयमा उठाएको विषय अन्तर राष्ट्रियस्तरमा नेपालले चर्चा पाएको बताउनुभयो।

नेकपा (एमाले) का सांसद देवेन्द्र दाहालले इजरायलमा हमासद्वारा मारिएका १० नेपालीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बन्धक बनाइएको भनिएका विपीन जोशीको खोजी र उद्धारका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले गुगुको छायाँनाथ गाउँपालिकामा हालै अज्ञात व्यक्तिबाट भएको सामूहिक हत्याका घटनाको दोषी पत्ता लगाएर कानुनी दायरामा ल्याउन माग गर्नुभयो। सांसद दाहालले राष्ट्रियसभाको काम कारबाहीलाई प्रभावकारी र परिणाममुखी बनाइनुपर्ने खाँचो औंल्याउनुभयो।

नेपाली कांग्रेसका सांसद रमेशजङ्ग रायमाझीले इजरायलमा हमासको नजरबन्दमा रहेका भनिएका विपीन जोशीको शीघ्र रिहाइका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सङ्घीयतालाई बलियो बनाउन बाँकी रहेका कानुन चाँडो बन्नुपर्नेमा जोड दिनुभयो। सभालाई प्रभावकारी बनाउन नसकिएको र महत्वपूर्ण विधेयक आउन नसकेको उहाँको भनाइ थियो।

नेकपा (एकीकृत समाजवादी) का सांसद जयन्तीदेवी राईले सभाबाट महत्वपूर्ण विधेयक पारित भएको भन्दै आगामी दिनमा पनि सभाको भूमिकालाई थप प्रभावकारी बनाइनुपर्ने बताउनुभयो।

उहाँले मुलुकभित्र अहिले पनि विभिन्न किसिमका समस्या व्याप्त रहेको, भ्रष्टाचार, महँगी र कालोबजारी बढिरहेको भन्दै यसको नियन्त्रण र प्रभावकारी अनुगमन गर्न ध्यानाकर्षण गराउनुभयो।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद मृगेन्द्र कुमारसिंह यादवले इजरायलमा हमासको नियन्त्रणमा रहेका विपीन जोशीलाई कूटनीतिक पहलको प्रयास गरी सकुशल नेपाल ल्याउने पहलकदमी गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले नजिकिएको तिहारमा चिनीलगायतका खाद्यपदार्थको अभाव हुन नदिन सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# सदनका उठेका विषयमा सरकारको ध्यान जान जरुरी छ : प्रमुख सचेतक लेखक

काठमाण्डु। नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले जनजीविकाका सवालमा संसद् प्रभावकारी हुनुपर्नेमा जोड दिनुभएको छ। प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै उहाँले भन्नुभयो, "संसद् प्रभावकारी भयो भने सरकार पनि प्रभावकारी हुन्छ। संसद् बलियो हुनुपर्छ। मूल विषय भनेको संसद्लाई बढी भन्दा बढी प्रभावकारी बनाएर जानुपर्छ।"

उहाँले संसद्को मूल काम कानुन निर्माणका साथै सरकार निर्माण, राज्यका स्रोत र साधनको वितरण, सरकारका काम कारबाहीको नियमित अनुगमन र मूल्याङ्कन गर्ने हो भन्नुभयो। उहाँले भन्नुभयो "संसद्मार्फत सरकारलाई जनताप्रति उत्तरदायी बनाउने, संसद्ले बनाएका कानुनको कार्यान्वयनका अवस्थाबारे अध्ययन गर्ने अभ्यास पनि विश्वव्यापी रुपमा रहको छ।"

संविधानले परिकल्पना गरेको बाटोमा कांग्रेस सधैँ प्रभावकारी संसद्को पक्षमा रहेको उहाँको भनाइ थियो। "संसद्का काम कारबाही जीवन्त रुपमा काम गर्नुपर्छ। संसद्लाई प्रभावकारी बनाउनका लागि संविधानको रक्षा गर्न प्रतिबद्ध छौँ," प्रमुख सचेतक लेखकले भन्नुभयो, "लोकतन्त्रमा सहमति, सहकार्य र समन्वय गरेर अघि बढ्नु जरुरी छ। त्यसो भए मात्र संसद् प्रभावकारी हुन्छ।"

संवाद, सहमति, सहकार्य संविधानको कार्यान्वयन र मुलुकको निर्माणका लागि जरुरी रहेको जनाउँदै उहाँले ७० वर्षको अन्तरालमा सातवटा संविधान बनाउने काम गरिएको र अब यो संविधान असफल बनाउने छुट कसैलाई पनि छैन भन्नुभयो। रासस

# अमेरिकी लगानीकर्तालाई नेपालमा लगानी गर्न मन्त्री साउदको अनुरोध

वासिङ्टन डिसी । परराष्ट्रमन्त्री एनपी साउदले नेपाल लगानीका लागि उत्कृष्ट स्थान भएकाले अमेरिकी लगानीकर्तालाई लगानीको अवसरमार्फत लाभ लिन आग्रह गर्नुभएको छ।

मन्त्री साउदले नेपालमा गरिएको लगानीको मुनाफा र पुँजी फिर्ता लैजाने संवैधानिक व्यवस्था गरिएकाले लगानीमैत्री वातावरण निर्माण भएको बताउनुभयो। नेपाल सरकारले लगानीमैत्री वातावरण बनाउन र लगानी आकर्षित गन्तव्यको रुपमा विकास गर्न कुनै कसर नराख्ने उहाँको भनाइ थियो।

अमेरिकाको औपचारिक भ्रमणमा आउनुभएका मन्त्री साउदले अमेरिका चेम्बर अफ कमर्सका सदस्यसँग बुधवार वासिङ्टन डिसीमा अन्तर्क्रिया गर्नुहुँदै उक्त आग्रह गर्नुभएको हो। उहाँले भन्नुभयो, "विश्वमा कार्बन उत्सर्जनलाई कम गर्न स्वच्छ ऊर्जाको उपयोग बढाउँदै लैजानुपर्ने अवस्थामा नेपालमा भएको बिजुली ठूलो मात्रामा छिमेकी देशमा उपलब्ध गराउन सकिन्छ, यसका लागि अमेरिकी निजी क्षेत्रले आर्थिक तथा प्राविधिक स्रोत परिचालन गरेर लाभ हासिल गर्न सक्छन्।"

मन्त्री साउदले नेपालको सूचना प्रविधि क्षेत्र अर्को संभावना भएको उल्लेख गर्दै सक्षम जनशक्ति, भाषागत दक्षता, मानव संशाधनको सहज उपलब्धता आदि कारणले यसमा लगानी गर्न पनि अनुरोध गर्नुभयो। उहाँले भन्नुभयो- "नेपालको आर्थिक रुपान्तरणमा सूचना प्रविधि गेम चेञ्जर हुनेमा म विश्वस्त छु।" सूचना प्रविधीको कम्पनी स्थापनाका लागि सय रुपैयाँमा नै कम्पनी खोलेर वैदेशिक प्रत्यक्ष लगानी गर्नसक्ने गरी सरकारले नयाँ नीति लागू गरेको उहाँले बताउनुभयो। अरु क्षेत्रका लागि न्यूनतम रु दुई करोड लाग्ने मन्त्री साउदको भनाइ थियो।

मन्त्री साउदले वैदशिक लगानीका लागि वाणिज्य विभागमा एकद्वार प्रणालीमार्फत सहजीकरण गर्दै आएको उल्लेख गर्दै भन्नुभयो, "नेपालले वैदेशिक लगानीको स्वचालित प्रणालीअनुरुप रु १० करोडसम्मको लगानीका लागि पूर्वस्वीकृत लिन नपर्ने व्यवस्था गरेको छ।" उक्त अवसरमा अमेरिकाको चेम्वर अफ कमर्सले नेपालमा स्थापना भएको अमेरिकन चेम्बर अफ कमर्स इन नेपाललाई वैधानिकता प्रदान गरेको थियो। सो अवसरमा एमच्याम्वरका संस्थापक अध्यक्ष अजित शाहले वैधानिकताको प्रमाणपत्र ग्रहण गर्नुभएको थियो। कार्यक्रममा अमेरिकन चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सम्बन्ध समितिका प्रमुख जोन मुर्फे र अर्का उपाध्यक्ष अतुल कश्यपले नेपालमा अमेरिकी लगानीकर्ताको चासो बढेको बताउनुभएको थियो।

कार्यक्रममा अमेरिकन चेम्बर्स अफ कमर्सका प्रतिनिधि, नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसन्, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्रीलगायत दूतावासका अधिकारी, परराष्ट्र मन्त्रालयका कर्मचारीको समेत उपस्थिति थियो। नेपालले पछिल्ला वर्षमा आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखेर वैदेशिक लगानी, पर्यटन प्रवर्द्धनलगायत क्षेत्रमा नेपाली नियोगलाई परिचालन गर्दै आएको छ। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथुन | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘सुशासनलाई प्रवर्द्धन गर्ने कानुन संसद्ले बनाउनुपर्छ’

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संसद्ले कानुन बनाउँदै सुशासनलाई प्रवर्द्धन गर्नुपर्ने बताउनुभएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै उहाँले सरकारलाई ठीक ठाउँमा ल्याउने काम संसद्को भएको उल्लेख गर्नुभयो । संसद् चल्दा पनि विधेयक नहुने र अवरोध हुनेजस्ता प्रवृत्तिको अन्त्य गर्नुपर्नेमा नेता यादवले जोड दिनुभयो । उहाँले भन्नुभयो, “संविधान जारी भएको आठ वर्ष पूरा भएको छ । आठ वर्षसम्म सङ्घीय निजामती ऐन नबन्नु, प्रदेश प्रहरी ऐन बन्न नसक्नुले सङ्घीयताको अवस्था स्पष्ट छ ।”

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले हामी संविधान, व्यवस्था र प्रणाली जोगाइरहेका छौँ कि आफ्ना मान्छे जोगाउन लागेका छौँ भनी प्रश्न गर्नुभयो । “यो तीतो यथार्थ हो । शान्ति प्रक्रियाको कुरामा सत्ता स्वार्थका लागि हिजो एकै ठाउँमा उभिएको देखियो । तर शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्याउन कसले रोक्यो ?”, उहाँले प्रश्न गर्नुभयो ।

संसद्लाई गति दिन नसकिएको बताउँदै उहाँले संविधान अनुकूलका ४० वटा कानुन तत्काल बनाउनुपर्ने आवश्यकता औँल्यानुभयो । सभापति लामिछानेले इजरायलमाअपहरणमापरेकानेपालीविद्यार्थी



विपीन जोशीलाई सकुशल नेपाल फर्काउन सरकारले पहल गर्नुपर्ने माग गर्नुभयो ।

जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त राउतले बजेट बनाउने क्रममा एक महिनाभन्दा बढी छलफल भएको तर अपवादबाहेक केही परिर्वतन नभएको बताउनुभयो । “संसद कति प्रभावकारी भयो भनेर यसले प्रष्ट हुन्छ । म आफैँ पनि लोकतान्त्रिक गणतन्त्रको पक्षधर हुँ”, उहाँले भन्नुभयो, “तर संसद् पूर्णरूपले निष्प्रभावी भयो । हामीले चाहेको संसद् यही हो ? महिनौँदेखि सांसद बोलिरहने तर सरकारले केही सुनुवाइ नगर्ने ?” लोकतान्त्रिक समाजावादी पार्टी नेपालका नेता सर्वेन्द्रनाथ शुक्लाले जनप्रतिनिधिले आवाज उठाउने थलोका रूपमा रहेको संसद्मा जनतासँग जोडिएका विषय उठाउने गरिन्छ तर संसद्मा उठेका अधिकांश विषयको सरकारले जवाफ नै दिँदैन भन्नुभयो । उहाले संविधानको सही कार्यान्वयनका लागि आवश्यक कानुन बनाउन नसकिएको उल्लेख गर्दै पीडितलाई न्याय हुने गरी शान्ति प्रक्रियालाई पनि निष्कर्षमा पुर्याउन जरुरी रहेकामा जोड दिनुभयो । नागरिक उन्मुक्ति पार्टीका नेता लालवीर चौधरीले सदनमा काम गर्नुभन्दा पनि एक-अर्काको आलोचना बढी हुने गरेको टिप्पणी गर्दै तीन तहको सरकारबीचमा आवश्यक समन्वय नभएको बताउनुभयो । उहाँले सदनमा उठेका विषयलाई सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसीले नेपालीको क्षमताभन्दा बढी जनप्रतिनिधि राज्यले पाल्नुपरेको उल्लेख गर्दै सत्तामा भएकाले सबै राम्रो देख्ने र प्रतिपक्षमा पुग्नेबित्तिकै सातोपुत्लो उड्ने प्रवृत्ति रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका नेता प्रेम सुवालले शासनको नेतृत्वकर्तासँग विकासको खाका नभएपछि देश विफल हुने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता बुद्धिमान तामाङले सरकारको कमी-कमजोरीका कारण संसद् कमजोर भएको बताउँदै सरकारले अपेक्षानुसार बिजनेस दिन नसकेको बताउनुभयो । आम जनता पार्टीका अध्यक्ष प्रभु साहले नेपालमा सात सय ६१ सरकार रहेको तर काम केही नभएको बताउनुभयो । उहाँले सुन्दा लोकतन्त्र भए पनि मुठ्ठीभर सीमित व्यक्तिको मनोमानीमा देश चलिरहेको बताउनुभयो ।रासस

# मौसम परिवर्तनसँगै बिरामीको चाप बढ्दो, डेङ्गु सङ्क्रमित पनि बढ्यो

वीरगञ्ज । मौसमा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र डेङ्गीका बिरामीको चाप बढेको छ ।

बिहान तथा बेलुका जाडो र दिउँसो हुने गर्मीका कारण सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी निकै बढेका छन् । वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी, बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निकै बढेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

दुधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा रुघाखोकी, ज्वरो,श्वासप्रश्वास,निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । पछिल्लो केही दिनयता आएको मौसमी परिवर्तनले अस्पतालमा बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिनुभयो । मौसममा आएको परिवर्तनका कारण रुघाखोकी, ज्वरो, निमोनियालगायत बिरामी दैनिककरिब२०देखि२५जनासम्म उपचारका लागि आउने गरेको उहाँले बताउनुभयो । यस्तै पछिल्लो केही दिनयता दैनिक चार/पाँच जनासम्म डेङ्गु सङ्क्रमित बिरामी उपचारका लागि आउने गरेको प्रवक्ता डा सिंहको भनाइ थियो ।

अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शय्याको अभाव भएको र भूइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । यसैबीच बढ्दो डेङ्गु सङ्क्रमणलाई दृष्टिगत गरी वीरगञ्ज महानगरपालिकाले ‘ खोज र नष्ट गर’ अभियानलाई निरन्तरता दिएको छ ।

पछिल्लो समय वीरगञ्ज महानगर क्षेत्रमा डेङ्गु सङ्क्रमण बढ्दै गएपछि महानगरपालिकाले डेङ्गु सार्ने लामखुट्टे र त्यसको लार्भा नष्ट गर्ने अभियान सुरु गरेको छ । अभियानका क्रममा महानगरपालिकाले डेङ्गु सङ्क्रमणका लागि विभिन्न स्थानमा जमेका पानी सफा गर्ने, स्प्रे गर्ने र वीरगञ्ज भित्रिने यात्रुबाहक बसदेखि अन्य सवारी सवार ीसाधनमा स्प्रे गर्न थालिएको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिनुभयो ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा गत भदौ २६ गतेदेखि सुरु भएको अभियानकै क्रममा लामखुट्टे र लार्भा नष्ट गर्न र सवारीसाधन तथा पानी जमेको स्थानमा स्प्रे गर्न थालिएको छ ।

प्रमुख मियाँका अनुसार सो अभियानका लागि महानगरको स्वास्थ्य महाशाखासँगै सरसफाई शाखा र नगर प्रहरीको टोलीलाई स्प्रे गर्न परिचालन गरिएको छ । मानिसको अत्यधिक भीडभाड हुने सार्वजनिक स्थानमा पनि किटनाशक औषधि स्प्रे गर्ने क्रमलाई महानगरले निरन्तरता दिएको उहाँले बताउनुभयो । रासस

# पर्सामा महिला उद्योगी व्यवसायी थपिँदै

वीरगञ्ज । पर्साको पोखरिया नगरपालिका-७ की सुनिताकुमारी साह यतिबेला गाउँ नजिकैको चोकमा पसल सञ्चालन गरिहरनुभएको छ । गत भदौ २१ गते घरेलु तथा साना उद्योग कार्यालयमा उहाँले पसल दर्ता गराउनुभएको हो । साह यतिबेला असल गृहणीसँगै सफल व्यापारी बन्ने अभियानमा जुट्नुभएको छ ।

सुरुआतमा श्रीमान्लाई सञ्चालक बनाएर पसल दर्ता गराउने सोचमा रहनुभएकी साहले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा पसल दर्ता गराएको बताउनुभयो ।

यसैगरी सीप नभएपछि पुरुषको नाममा उद्योग व्यापार दर्ता गराउँदा बढी दस्तुर लाग्ने भएकाले महिलालाई मालिक बनाएर व्यापार दर्ता गराउने क्रम बढ्केको छ । घरेलु तथा साना उद्योग कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को तीन महिनामा जिल्लामा तीन सय एक नयाँ उद्योग दर्ता भएकामा एक सय २९ व्यवसायको मालिक महिला नै छन् । चालु आव २०८०/८१ को तीन महिनामा सेवामूलक एक सय १९, कृषिमूलक ६१, उत्पादनमूलक ५०, निर्माणमूलक ४५ र पर्यटनसम्बन्धी २६ वटा नयाँ उद्योग दर्ता भएको कार्यालयका सूचना अधिकारी सविता खड्काले जानकारी



दिनुभयो । नयाँ उद्योग दर्ता, नवीकरणलगायतका शीर्षकबाट रु २१ लाख ९१ हजार राजस्व सङ्कलन भएको छ । विगतमा उद्योग मात्र दर्ता गर्दै आएको सो कार्यालयले चालु आवदेखि वाणिज्यतर्फका व्यावसायिक फार्मसमेत दर्ता सुरु गरेको सूचना अधिकारी खड्काले बताउनुभयो ।

यस्तै वाणिज्य दर्ता, नवीकरणलगायतबाट रु एक लाख ५३ हजार दुई सय राजस्व सङ्कलन भएको छ । महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ र ब्युटिपार्लर छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालनका छन् ।

घरकै काममा मात्र सीमित रहँदै आउनुभएकी ठोरी गाउँपालिका-४ की अम्बिका श्रेष्ठले पनि यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर व्यवसाय गर्दै आउनुभएको छ । सुनिता र अम्बिका मात्रै होइन, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई छुट दिएपछि पर्सामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढ्दै गएको छ । कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको पर्सामा विगत केही समययता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढ्केको पाइएको छ ।

सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीका दर्तामा ३५ प्रतिशत मात्र दस्तुर लाग्ने व्यवस्था गरेपछि उनीहरूलाई सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका प्रमुख धनञ्जयकुमार सिंहले बताउनुभयो ।

“दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेको छ , करिब ७० प्रतिशत उद्योग व्यापार महिलाकै नाममा दर्ता हुने गरेको छ”, उहाँले भन्नुभयो ।

पछिल्लो समय महिलालाई उद्योग व्यवसायको मालिक बनाउने क्रम बढ्केको पुष्टि गरेको छ । सरकारले महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुरमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग व्यवसाय दर्ताका लागि कडाइ गर्नु र बैंक तथा वित्तीय संस्थाबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुन सक्नेलगायत कारण पनि घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढ्केको प्रमुख सिंह बताउनुहुन्छ ।रासस

# ‘मुलुकको आर्थिक अवस्थामा निकै चुनौती छ’

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकको आर्थिक अवस्थामा निकै चुनौती रहेको बताउनुभएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै उहाँले नेपालको अर्थतन्त्रलाई बलियो बनाउनका लागि कृषिलाई ध्यान दिएर स्पष्ट दृष्टिकोणका साथ अघि बढ्न जरुरी रहेको उल्लेख गर्नुभयो ।


उहाँले भन्नुभयो, “देशको अवस्थालाई हेर्नु छ भने विमानस्थलमा पुगेर हेर्नुपर्छ । विदेश गएर युवा कुन अवस्थामा छन् । देशको नेतृत्व गर्नेले कत्तिको देश र जनताप्रति इमान्दार भएर काम गरिरहेका छौँ त ?” नेपालीले अनेकौँ चुनौतीको सामना गर्दै आएको बताउँदै अध्यक्ष नेपालले मुलुकको आर्थिक अवस्थामा निकै चुनौती रहेको र व्यवसायीमा पनि सङ्कट रहेको उल्लेख गर्नुभयो । विप्रेषण पनि दैनिक उपभोग्य वस्तुमा खर्च भएको बताउँदै उहाँले योजना निर्माण र बजेट विनियोजनमा त्रुटी रहेको औँल्याउनुभयो ।

“कृषिजन्य धेरै वस्तु आयात गरिरहेका छौँ । हामीले आफ्नै देशमा उत्पादन गर्न सक्ने चिज पनि बाहिरबाट ल्याउनुपर्ने अवस्था छ । नेपालमै कृषि उत्पादन बढाउन राज्य चुकेको छ । भ्रष्टाचार गर्ने महारोगबाट नेपाललाई मुक्त गर्नुपर्छ”, अध्यक्ष नेपालले भन्नुभयो, “सरकारले राज्य प्रणालीलाई पारदर्शी बनाउनुपर्छ । इमान्दारिता, पारदर्शिता, जनताको पीडा र वेदनालाई महसुस गरेर अघि बढौं ।”रासस

# रिगलको कैद मिनाह बदर

काठमाण्डु । सर्वोच्च अदालतले योगराज ढकाल (रिगल) को कैद मिनाह गरी आममाफी दिने सरकारको निर्णय कार्यान्वयन नगर्न परमादेश जारी गरेको छ । न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, सपनाप्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासले बिहीबार गरेको फैसलामा यसरी गरिने निर्णयमा वस्तुगत आधार र उचित कारण अभिव्यक्तरुपमा खुलाएर मात्र निर्णय गर्ने गर्नु भनी प्रत्यर्थीका नाममा परमादेश जारी गरेको हो ।

अदालतको फैसलामा भनिएको छ, “निज प्रत्यर्थी रिगल ढकाललाई तत्काल पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा ठहर भएको जन्मकैदमध्ये ११ वर्ष ११ महिना पाँच दिन कैद निजलाई कारागारमा राखी कानुनबमोजिम असुल गर्नु भनी प्रत्यर्थीका नाममा परमादेश जारी हुने ठहर्छ ।”संविधान दिवसका अवसरमा गत असोज ३ मन्त्रिपरिषद् को सिफारिसमा राष्ट्रपतिबाट योगराज




ढकाल (रिगल) को कैद मिनाहा भएको थियो । उक्त निर्णयविरुद्ध रिगलद्वारा हत्या गरिएका चेतन मानन्धरका पत्नी भारती शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेको नेतृत्वको टोलीले बहस गरेको थियो ।

गत असोज २५ गते प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु डा आनन्दमोहन भट्टराई र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भएपनि हेर्न नमिल्ने भएपनि सुनुवाइ सरेको थियो । त्यसअघि गत असोज १८ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिगललाई आममाफी दिन सिफारिस गर्नुपर्नेको कारणसहितको सम्पूर्ण सक्कल मिसिल गत असोज २४ गतेभित्र झिकाउन आदेश गरेको थियो ।

साथै, अदालतले कानुनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकाले अर्को सुनुवाइका लागि पूर्ण इजलासमा पेशी व्यवस्थापन गर्न समेत आदेश दिएको थियो ।

इजलासले सञ्चारमाध्यमको समेत ध्यानाकर्षण गराएको छ । “अदालतमा विवादले प्रवेश पाएपछि मुद्दा विचाराधीन रहेको अवस्थामा कतिपय विवादका सन्दर्भमा सर्वसाधारणमा अनावश्यक शंका उपशंका, भ्रम पैदा हुने गरी विभिन्न सञ्चारमाध्यमहरुमा समाचार सम्प्रेण हुने गरेको सिलसिला प्रस्तुत विवादका सन्दर्भमा पनि कायम रहेको देखिएको छ”, अदालतको आदेशमा भनिएको छ, “यसप्रकारणको प्रवृत्तिप्रति यस इजलासको ध्यानकर्षण भएको छ । न्यायिक प्रक्रियामा रहेका विषयमा अनावश्यक र भ्रमपूर्ण सूचना जानकारीहरु प्रचारप्रसार गरिएका विषयलाई कुनै सन्दर्भमा कानुनी दायरमा ल्याउनुपर्ने अवस्था समेत रहन सक्दछ, त्यसैले विचाराधीन मुद्दाको विषयवस्तुलाई लिएर अल्पसूचनाको आधारमा प्रकाशन र प्रशारण नगर्न नगराउन र अदालतको न्यायिक प्रक्रिया सहयोग गर्न सबै सञ्चारमाध्यमलाई अनुरोध गर्नु भनी सर्वोच्च अदालत प्रशासनका नाममा निर्देशनात्मक आदेश हुने ठहर्छ ।” रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अवैध कारोवारीलाई कारबाही गर

मुलुकमा धनुषा जिल्ला सबै भन्दा बढी वैदेशिक रोजगारमा जानेहरुको सूचीमा परेको सरकारी तथ्यांक छ । सरकारले जारी गरेको तत्यांकमा धनुषा जिल्लासंगै मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा जानेहरुको संख्या बढी रहेको हेरेर यहाँ अवैध रुपमा वैदेशिक रोजगारीमा पठाउनेहरुको गिरोह पनि सक्रिय भएको छ । म्यानपावरको नाममा ठगी धन्धा गर्नेहरु पहिला देखिनै सक्रिय रहेका थिए तर, सरकारले म्यानपावरहरुमाथि कडाइ गरेपछि केही दिनका लागि ठगी धन्धा निरुत्साहित भए पनि केही दिन देखि फेरि उनीहरु सक्रिय भएका छन् । जनकपुरधाममै आफ्नै कार्यालय सञ्चालन गरेर अन्तरवार्ता लिइ रहेको अवस्थामा श्रम कार्यालयका कर्मचारीहरु पुग्दा सो कार्यालयमा भागाभाग भएको थिए । तर, यी एउटा पात्रको रुपमा मात्रै लिन सकिन्छ । यहाँ ट्रेनिङ्ग सेन्टर लगायतको रुपमा विभिन्न रुपमा ठगी धन्धा गर्ने गिरोहहरु सक्रिय छन् तर अनुगमन र नियमन गर्ने निकायको मौनताका कारण उनीहरुको मनोबल उच्च छ । खास गरी मधेश लगायतका क्षेत्रमा चाडपर्वका समयमा अनुगमन र नियमन गर्ने नियकाहरु सक्रिय हुने गरेको परिपाटी देखिएको छ । यसमा जिल्ला प्रशासन र स्थानीय सरकारले चनाखो भइ सक्रियता देखाउनु जरुरी देखिन्छ । स्थानीय सरकारले पनि आफ्नो मातहतको वास्ताविकता बुझ्न नसकेपछि यस्ता घटनाहरु दिनप्रतिदिन बढ्दै गएको छ । मुलुकमा तीन तहको सरकार रहे पनि यस्ता यस्ता गिरोहहरुको सक्रियता भने कम हुन सकेको छैन् । मधेश प्रदेशमा दैनिक रुपमै वैदेशिक रोजगारमा गएर ठगिएको गुनासोहरु बढेका छन् । दैनिक जसो जिल्ला प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालयमा ठगी सम्बन्धी पञ्चायतहरु हुने गरेका छन् । तर, नियमन गर्ने निकाय भने मौन देखिनु दुःखद पक्ष रहेको छ । अवैध कारोवार गर्नकै लागि उनीहरु विभिन्न ग्रामीण भेगमा एजेण्ट खटाएर ठगी गर्ने गरेको पाइन्छ । सार्वजनिक रुपमा कुनै सूचना प्रकाशन नगरी उनीहरु एजेण्टको माध्यमले यस किसिमका काम गर्ने गरेका छन् । सरकारले एजेण्टका लागि पनि विभिन्न प्रक्रिया पूरा गरी एजेण्ट कार्ड दिने गरेका छन् । तर, ग्रामीण भेगमा तलवको लोभ देखाएर अवैध एजेण्ट खटाएर उनीहरु वैदेशिक रोजगारमा पठाउने गरेका छन् । यस्तालाई नियन्त्रणमा लिनु जरुरी छ । एजेण्टको कार्ड नै नबोकी वैदेशिक रोजगारमा पठाउने र पछि भनिएको जस्तो काम नपाएपछि फर्केर आउने पहिला देखिकै परिपाटी रहेको छ । उनीहरुलाई स्थानीय स्तरमै कारबाहीको व्यवस्था गर्नुपर्छ । कसैले दुःखले कमाएको पैसा ठग्नेलाई स्थानीय स्तरमै कारबाहीको व्यवस्था मिलाउनु पर्छ । यस्तालाई उन्मुक्ति दिनु समाजमा विध्वंश फैलाउनु सरह हो ।

# समावेशी विकास



बेचन कुमार महतो

### अवधारणा

विकास भनेको सकारात्मक परिवर्तन हो । यो हिजोभन्दा आज सुधार भएको अवस्था हो । यही सुधार एवं सकारात्मक परिवर्तन सबै वर्ग, क्षेत्र एवं समुदायमा हुने कार्य समावेशी विकास हो । यसले विकासमा सबैको सहभागिता एवं अपनत्वलाई जनाउँछ । प्राचिन धर्म ग्रन्थहरुमा पनि सवैलाई साथ लिएर हिड्नु पर्ने भाव देखिन्छ । "सर्वे भवन्तु सुखन ले यसै कुराको पुष्टी गर्दछ । ९० को दशकमा उदारीकरण पश्चात विकासको यो अवधारणाको नयाँ किसिमले उठान भएको छ किनकी उदारीकरणको शिलशिलामा वैश्विक अर्थ व्यवस्थाले एक साथ जुटने मौका पाएको तथा समावेशी विकासको अवधारणा देश तथा राज्यको परिधिबाट वाहिर निस्की आफ्नो विश्वव्यापी महत्व वनाई राख्नमा सफल भएको छ ।

समावेशी विकास भन्ने शब्दको पहिलोपटक सन् १९९८ मा प्रयोग गरियो । यसको अर्थ हो- सबै वर्ग र समुदायका लागि समान आर्थिक पहुँच अनि अवसर उपलब्ध गराउनु र विशेषगरी गरिबकेन्द्रित भई समावेशी वृद्धि गर्नु । यो शब्दलाई पैरवी गर्न पनि प्रयोग गरियो । लोकतन्त्रको संस्थागत विकास एवं सुशासनयुक्त शासकीय प्रणालीमार्फत शिक्षा, स्वास्थ्य र पूर्वाधारलाई नागरिकको आधारभूत मौलिक अधिकारको रूपमा सुनिश्चित गर्न सके समावेशी विकास सम्भव छ भन्ने विश्वव्यापी मान्यता रहिआएको छ । सीमान्तीकृत नागरिकको सामाजिक, राजनीतिक र आर्थिक क्रियाकलापमा संलग्न भई मानव भलाइ प्रवर्द्धन एवं वातावरणीय दिगोपना सुनिश्चित गर्नु नै समावेशी विकास हो । अतः असमानता र विभेदको अन्त्य गर्दै 'सर्वजन हिताय, सर्वजन सुखाय' को उद्देश्य प्राप्तिका लागि यो अवधारणाको विकास भएको हो ।

### नेपालको सन्दर्भ

नेपालको सन्दर्भमा समावेशी विकास कुनै नयाँ अवधारणा होईन । नेपाल जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एवं भौगोलिक रूपमा विविधतायुक्त देश हो । यी सबै विविधताको विकास, संरक्षण एवं प्रवर्द्धन हुने कार्य समावेशी विकास हो । सामाजिक न्याय, लैङ्गिक समानता, जातीय एवं क्षेत्रीय विभेदको अन्त्य लगायतका समानता, समता, स्वतन्त्रता सबै पक्ष समावेशी विकासका उपज हुन् । समावेशी विकास वास्तवमा विविधता बीचको एकता हो । समावेशीका सन्दर्भमा अगाडि रहेको नेपालको संविधानले समावेशी विकाससम्बन्धी धेरै व्यवस्था गरेको छ । संविधानको प्रस्तावना आफैँमा व्यापक छ, धारा ३ मा राष्ट्रको अत्यन्तै मिठो परिभाषा गरिएको छ । मुलुकलाई सङ्घीय राज्यमा रूपान्तरण गरी सङ्घ, प्रदेश र स्थानीय तह गरेर तीन तहको सरकारको व्यवस्था छ । केन्द्रमा सङ्घदेखि प्रदेश र स्थानीय तहको वडा तहसम्म समावेशी सरकारको उपस्थिति छ । समावेशी विकासको मूल मर्म यही हो । यसैगरी नेपालको संविधानमा ३१ वटा मौलिक हकको व्यवस्था छ, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू प्रष्ट गरिएको छ, मुलुकको राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने, समावेशी सिद्धान्तबमोजिम मन्त्रिपरिषद् गठन हुने, सङ्घीय संसद्मा कम्तीमा एक तिहाई महिला सदस्य हुनुपर्ने, प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनुपर्ने र दुवै फरक फरक दलको प्रतिनिधित्व हुनुपर्ने, राज्यका संवैधानिक अङ्ग, राजदूत र विशेष प्रतिनिधि नियुक्ति गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नेजस्ता समावेशी विकाससम्बन्धी बहुआयामिक व्यवस्था नेपालको संविधानमा छन् । निजामती सेवा ऐन, २०४९ ले आरक्षणको व्यवस्था गरी नेपालको निजामती सेवालाई समावेशी बनाएको छ, अन्तर्राष्टिय विकास सहायता परिचालन नीति, २०७६ ले सबै वर्ग, समुदाय र क्षेत्रको सन्तुलित विकासमा ध्यान दिई विकास सहायता परिचालन गर्ने रणनीति लिएको छ । यी र यस्तै अरू कानुन तथा नीतिले नेपालमा समावेशी विकाससम्बन्धी पर्याप्त व्यवस्था गरे पनि वास्तविक अर्थमा नेपालमा अझै समावेशी विकास हुन सकेको छैन् । गरिबी निवारण, बेरोजगारी समस्याको हल, भौगोलिक एवं क्षेत्रीय सन्तुलन, पिछडिएका वर्ग एवं समुदायको उत्थान लगायतका थुप्रै काम अझ बाँकी नै छन् । यसका लागि लक्षित वर्ग पहिचान गरी उनीहरूको माग र आवश्यकताअनुसार कार्यक्रम तय गर्ने, आय आर्जन एवं रोजगारी बढाउने, कृषिमा व्यवसायीकरण गर्ने, उद्योगको विकास गर्ने, कमजोर वर्गको सशक्तीकरण गर्ने, राहत तथा उत्थानका कार्यक्रम ल्याई वास्तविक रूपमा समावेशी विकास गर्नुपर्ने देखिन्छ ।

> *नेपालको सन्दर्भमा समावेशी विकास कुनै नयाँ अवधारणा होईन । नेपाल जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एवं भौगोलिक रूपमा विविधतायुक्त देश हो । यी सबै विविधताको विकास, संरक्षण एवं प्रवर्द्धन हुने कार्य समावेशी विकास हो । सामाजिक न्याय, लैङ्गिक समानता, जातीय एवं क्षेत्रीय विभेदको अन्त्य लगायतका समानता, समता, स्वतन्त्रता सबै पक्ष समावेशी विकासका उपज हुन् । समावेशी विकास वास्तवमा विविधता बीचको एकता हो । समावेशीका सन्दर्भमा अगाडि रहेको नेपालको संविधानले समावेशी विकाससम्बन्धी धेरै व्यवस्था गरेको छ । संविधानको प्रस्तावना आफैँमा व्यापक छ, धारा ३ मा राष्ट्रको अत्यन्तै मिठो परिभाषा गरिएको छ । मुलुकलाई सङ्घीय राज्यमा रूपान्तरण गरी सङ्घ, प्रदेश र स्थानीय तह गरेर तीन तहको सरकारको व्यवस्था छ ।*

हाम्रो सन्दर्भमा आर्थिक परिसूचकहरू त्यति सबल छैनन् । बहुआयामिक गरिबीको हिस्सामा क्षेत्रगत असन्तुलन छ । लैंगिक विभेद अझै अन्त्य भइसकेको छैन । भौगोलिक विविधताका कारण साधन-स्रोतको वितरण समान रूपमा हुन सकेको छैन । सामाजिक संरचनाको आधार जात, भाषा र धर्म हो । यसले समावेशी विकासको महत्त्व र औचित्यलाई स्वतः सिद्ध गराउँछ । यस अवधारणा 'किन आवश्यक छ' भन्नका लागि निम्न बुँदा प्रस्तुत गरिएको छ ।

(क) नेपालको भूगोल हिमाल, पहाड र तराईमा बाँडिएको, क्षेत्रगत विशिष्टता भएको, सामाजिक र आर्थिक विकासका दृष्टिकोणले सबै क्षेत्रको समानुपातिक विकास नभएको सन्दर्भमा विशेष क्षेत्र, संरक्षित क्षेत्र र पछाडि परेको क्षेत्रलाई प्राथमिकतामा पारेर विकास गर्न ।

(ख) नेपाल बहुल सामाजिक विशेषता भएको मुलुक हो । यहाँ १० धर्मावलम्बी, १२३ भाषी र १२५ जातजाति छन् । सबै भाषा, संस्कृति, सम्प्रदाय र पहिचान बोकेका समुदायको अपनत्वबोध हुने गरी सर्वोत्तम हित र भलाइका लागि ।

(ग) नागरिकको विविध आवश्यकताको सम्बोधन र क्षमताको भरपूर उपयोग गर्न ।

(घ) समाजमा विद्यमान विभेद र असमानताको अन्त्य गर्दै समुन्नत र न्यायिक समाजको जग मजबुद बनाउन ।

(ङ) समाजका अल्पसंख्यक, सुविधाविहीन र सीमान्तकृत नागरिकको जीवन बदल्न ।

(च) अतिवादको अन्त्य, द्वन्द्व निरोपण र नवप्रवर्तनमुखी मूल्य व्यवस्थापन गर्न ।

(छ) 'आफूलाई चिनौं, आत्मनिर्भर बनौं' भन्ने स्वविकास र पहिचानको अवधारणालाई साकार पार्न ।

(ज) राष्ट्र, राष्ट्रियता र आम नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक, नैतिक, राजनीतिक र मानव अधिकारको प्रत्याभूत गराउन ।

### समावेशी विकासको उदेश्य

**समावेशी विकासको अर्थ बुझ्न निम्नानुसारको सन्दर्भ बुझ्न आवश्यक छः**

- समावेशी विकासको सन्दर्भ यसतो विकासवाट लिईन्छ जहा रोजगारीको अवसर प्राप्त हुन्छ, जहा गरिबले काम गर्ने अवसर पाउँदछन् ।
- यसतो विकासले शैक्षिक एवं सीपमा सशक्तिकरण गरी समान अवसरको साथ हुने बिकास प्रकृयालाई जोड दिने गर्दछ ।
- यसतो विकास जसले आर्थिक अवसरका साथ साथै समाजको सवै वर्गको लागि श्रृजित अवसर हरुमा सवैको समान पहुँच स्थापित गर्दछ ।
- वस्तुनिष्ट दृष्टीकोणवाट हेर्ने हो भने समावेशी विकासले कुल ग्राहस्थ उत्पादनलाई उच्च समृद्धि दरको साथ प्रति व्यक्ति कुल ग्राहस्थ उत्पादनको उच्च समृद्धि परिलक्षित गर्दछ जहाँ आय एवं धनको समान वितरणमा जोड दिने गरिन्छ ।
- समाजको सवै वर्गको लागि आधारभुत सुविधा उपलब्ध गराउनमा समावेशी विकासले आफ्नो वल खर्चिने गर्दछ । अर्थात सवैको लागि आवास, भोजन, खानेपानी, शिक्षा, स्वास्थ्यका साथसाथै गरिमापुर्ण जिवन जिउने र जिविकोपार्जनका साधनहरुको उत्पादन गर्नु हो । यसको अतिरिक्त समावेशी विकासले वातावरण मैत्री विकासलाई जोड दिई पर्यावरण संरक्षणको पाटोमा समेत जोड दिने गर्दछ ।
- समग्रमा विकासको प्रतिफलको न्यायोचित वितरण, विशेष वर्ग र समूहका लागि क्षतिपुर्ति अग्राधिकार, पहिचान, प्रतिनिधित्व, सशक्तिकरण र मूलप्रवाहीकरण गरी राष्ट्रिय हित सम्वर्द्धन गर्नु नै समावेशी विकासको उदेश्य हो ।

### समावेशी विकासको मापन

- कुनै पनि राष्ट्रको प्रगति मापन त्यसको सवै भन्दा गरिव तप्काको प्रगतिको आधारमा मापन गर्न सक्नु नै समावेशी विकासको मापन गर्ने सवै भन्दा राम्रो तरिका हुन सक्दछ । अर्थात आर्थिक रुपले सवै भन्दा तल्लो वर्गमा रहेकाहरु मध्ये २० प्रतिशत जनसंख्याको प्रगतिको आधारमा प्रति व्यक्ति आयलाई मापन गर्नु पर्दछ ।
- प्रति व्यक्ति आयमा वृद्धि भएको प्रमाणित गर्न सकियो भने त्यो स्वस्थ्य समावेशी विकासको सुचक हुन सक्दछ ।
- समाजको सवै भन्दा कमजोर वर्गलाई समेत विकासको गतिमा सामेल गराई उच्च विकासको दर हासिल गर्नु नै समावेशी विकासको अवधारण हो ।

### नेपालमा समावेशी विकासको चुनौती

नेपाल प्राकृतिक स्रोत-साधनमा धनी छ । अल्प विकसितबाट विकासशील मुलुकमा स्तरोन्नतिको प्रयासमा छ । सामाजिक परिसूचक, मानव विकास सूचकमा क्रमिक रूपमा प्रगति गरिरहेको छ । आर्थिक सूचकमा भने अपेक्षित नतिजा कमजोर छ । उत्पादकत्वमा कमी, साँघुरो श्रम बजार, कोरोना महामारीका कारण अन्तर्राष्ट्रिय एवं राष्ट्रिय अर्थतन्त्रमा आएको शिथिलता, कम पुँजीगत खर्च, झाङ्गिँदो भ्रष्टाचार आदि समावेशी विकासका बाधक हुन् । देशको राजनीतिक, सामाजिक एवं समसामयिक पक्ष समेतलाई केलाउँदा समावेशी विकासका चुनौतीहरू यस्ता छन्– गरिबी र अशिक्षा, बेरोजगारी, असमानता र विभेद, कमजोर लगानी र उत्पादन, दक्ष मानवस्रोतको अभाव, शहर केन्द्रित बसाई सराई, समावेशी विकासको ध्येय, उद्देश्य र रणनीतिबीच तालमेलको अभाव, सुशासन संस्थागत हुन नसकेको अवस्था, कमजोर पूर्वाधार, परनिर्भर अर्थतन्त्र, आन्तरिक एवं बाह्य शक्ति संघर्ष र कमजोर प्रविधि ।

### साराँश

यसर्थ समावेशी विकास समाजका विभिन्न वर्ग, समुदाय र क्षेत्रको पहिचान, सम्बन्ध र सामर्थ्यलाई विस्तृत र सबल बनाई विकासको जगलाई संस्थागत गर्ने नयाँ दृष्टिकोण हो । विकासलाई प्रक्रिया र परिणाम दुवैमा निमानवीकृत हुने खतरालाई हटाउने समन्यायिक दृष्टिकोण हो । विकासका अभीष्ट पूरा गर्न यस प्रकारको विस्तृत दृष्टिकोण चाहिन्छ । नेपालको संविधानमा समाजका भोगाइको अनुभूति र सामाजिक विम्बको चित्राङ्कन छ । संविधानले सामाजिक विविधतालाई सम्बोधन गर्न राज्यलाई निर्दिष्ट गरेको छ । नेपालले समेत प्रतिबद्धता जनाएको दिगो विकासको लक्ष्य र वर्तमान सरकारले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोचले विकासलाई विस्तृत र समावेशी बनाउने संकल्प गरेको छ । यसलाई कार्यरूपमा उतार्नका लागि केही खाकाहरू बनाइएको पनि छ । केही वर्षअघि राष्ट्रिय योजना आयोगको पहलमा गरिबी र वातावरणको आबद्धता (पिइआई) अभ्यासमा ल्याउने काम गर्यो, जसलाई राष्ट्रसंघीय प्रणालीले असल अभ्यासका रूपमा समेत लिएको छ । त्यस्तै आयोगले नै हरित अर्थतन्त्रको मार्गदर्शक खाका तर्जुमा गर्यो, जसले अर्थतन्त्र, वातावरण र समाजलाई एकआपसमा आबद्ध गराउने विस्तृत आधार दियो । यो नै समावेशी विकासलाई कार्यान्वयनमा ल्याउने युगान्तकारी आधार बन्न सक्छ ।

# गुटेरेसको नेपाली पदचापका विश्व सन्देश

एकराज पाठक

करिब १४ वर्षअघि (२०६६ को मङ्सिर १९) मा सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषद् बैठक बस्यो । त्यसताका नेपालमा जलवायु परिवर्तन के हो र यसले मानवसहित समग्र प्राणीजगत्को स्वास्थ्य र सभ्यतामै के असर गर्छ भन्ने तर्क र बहस सुरु भएका थिए ।

सुरुसुरुमा जलवायु परिवर्तनले हिमाल र हिमालय बस्तीलाई असर गर्ने दृष्टान्त प्रस्तुत हुँदै थिए । पछि यो राष्ट्रिय एजेण्डा नै बन्यो र यसले समग्रमा प्राणीजगत्को अस्तित्वमाथि नै छिट्टै धावा बोल्ने चर्चा थालिए । त्यसैले पनि हामी हिमालको बस्तीका मानिसले यो सम्भावित खतराको सन्देशलाई विश्वको सबै भूगोलमा पुऱ्याउनु थियो । यसकारण जलवायु परिवर्तनका यी सङ्कटलाई फरक शैलीबाट विश्वको ध्यान तान्नुपर्ने थियो । यसैको पृष्ठभूमिमा नेपाल सरकारले हिमाल पग्लिएकै ठाउँमा पुगेर बैठक गरेको थियो । विश्वका मिडियाले यो बैठकको समाचारलाई संसारमा फैलाए । हाम्रोजस्तै कार्यशैली अपनाएर मालदिभ्सले पनि समुद्रमुनि मन्त्रिपरिषद्को बैठक गरेको थियो । जसरी नेपालले हिमशृङ्खला पग्लिएर सकिँदैछ भन्ने सन्देश दिन सगरमाथाको फेदमै पुगेर बैठक गऱ्यो, त्यस्तै प्रतिकात्मक सन्देश दिन खोजेको थियो समुन्द्रमुनिको बैठकले । यी दुई बैठकको सन्देश थियो-हिमाल पग्लिएको पानी गएर समुद्रमा जम्मा हुन्छ र समुद्री सतह बढ्छ । अनि यता हिमालमा सुक्खापनले असर गर्छ, उता समुद्रको सतह बढेपछि वरपरको बस्ती डुब्छ ।

कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । खासमा सोही सम्मेलनमा विश्वको ध्यान खिच्नका लागि गरिएका थिए यी बैठक । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको सङ्कटबारे विश्वको ध्यानाकर्षण गराएको पनि थियो । जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर न्यूनीकरणका लागि विश्वका अरु पनि केही राष्ट्रले यस्तै फरक शैलीका बैठक तथा कार्यक्रम आयोजना गरेका थिए । तर दुःखद् कोपेनहेगन सम्मेलनको मुख्य वेबसाइटमा हाम्रो बैठकको सूचना थिएन, मालदिभ्सको थियो । सो सम्मेलनको वेबसाइट खोल्दा मालदिभ्सको बैठकको तस्बिर र सूचना सुरुमै आउँथ्यो तर हाम्रो कालापत्थरको आउँदैनथ्यो । सम्मेलनमा सहभागी प्रधानमन्त्री माधवकुमार नेपालले यस विषयमा चासो राख्नुभयो र नेपालको राष्ट्रसङ्घीय मिसनका अधिकारीलाई सोध्नुभयो । त्यसबेलाको राष्ट्रसङ्घीय नेपाली मिसनले त्यति चित्तबुझ्दो जवाफ दिन सकेका थिएनन् । सायद उनीहरूले 'लबिङ' या पहुँच पुऱ्याउन सकेका थिएनन् ।

सम्मेलनमा नेपालले नेपालका हिमाल पग्लिन थालेको र हिमाली बस्ती सङ्कटमा पर्न लागेको तथा मालदिभ्सले हिमशृङ्खला पग्लिन थालेकाले अब मालदिभ्स र यस्तै समुद्री किनारका देशका मानव बस्तीको अस्तित्व पनि सङ्कटमा पर्न सक्ने सम्बोधनका क्रममा जनाएका थिए । यसले विश्वका राष्ट्रप्रमुख तथा सरकार प्रमुखको ध्यान खिचेको पनि थियो । जलवायु परिवर्तनका कारण नेपालजस्ता पीडित राष्ट्रहरूले पाउने क्षतिपूर्तिको प्रचलन नेपालको त्यो पहलले स्थापित गरायो । जुन अहिले पनि निरन्तर त छ तर प्रसस्तै अपुग छ, लाखौँ करोडौँ कोष टाढाका सूर्य भगवानलाई दुई थोपा अर्घ्य चढाएजस्तै ।

विगतका यी उदाहरणको तुलनामा यतिखेर भने नेपालले एक अभूतपूर्व अवसर प्राप्त गरेको छ । किनभने अबका केही दिनपछि राष्ट्रसङ्घीय विश्व जलवायु सम्मेलन हुँदैछ र त्यसको आयोजक संस्था संयुक्त राष्ट्रसङ्घका महासचिवले त्यही प्रभावित ठाउँमा आफैं पुगेर अवस्थाको अध्ययन गर्नुभएको छ । त्यो बैठकयता कति हिमाल पग्लियो र कति सेता हिमचुचुरा कालापत्थरमा परिणत भए भन्ने कुरा अनुसन्धानकै गर्भमा रहे पनि अब भने कालापत्थर बैठक गरेर विश्व सम्मेलनमा प्रतिकात्मक जानकारी दिनुपर्ने अवस्था छैन । राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस त्यहीँ पुग्नुभयो र प्रभावित क्षेत्रका बासिन्दासँग अन्तर्क्रियासमेत गर्नुभयो । "अहिले त्यही म अहिले यहाँ हिमालयमा छु । जहाँ हिमाल पग्लिरहेका छन् र हिमनदरू रेकर्ड लेभलमा छन् । अन्टार्टिका र



ग्रीनल्याण्डमा जस्तै यहाँ पनि जलवायु परिवर्तनको गम्भीर असर देखिइरहेका छन् । हामीले बाढी पहिरो देख्नुपरेको छ । यहाँको समुदाय नाटकीयरूपमा प्रभावित भइरहेको छ । हामीले यसलाई रोक्न जरुरी छ ।" जलवायु परिवर्तनका असरले हिमालय क्षेत्रको पर्यावरण र जनजीवनमा देखिन थालेका असर तथा त्यसको रोकथामका लागि मैले विश्वसमुदायको ध्यानाकर्षण गराउन चाहेको छु । हामीले बढ्दो तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्नसक्नुपर्छ । यसबाट हामी पछि हट्न सक्दैनौं ।"

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत सोमबार सोलुखुम्बु जिल्लाको सगरमाथा क्षेत्रको अवलोकन गरेपछि सामाजिक सञ्जालको आफ्नै वालमार्फत दिनुभएको भिडियो सन्देश हो यो । त्यसमा उहाँले जलवायु परिवर्तनको असरका रूपमा पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिन थालेको बताउनुभएको थियो ।

उहाँले जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह पनि गर्नुभयो । त्यसअघि सोही दिन गुटेरेसलाई भेटेपछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाका स्थानीयले जलवायु परिवर्तनले के कस्ता समस्या उत्पन्न गरेको छ भन्नेबारेमा जानकारी गराएका थिए । उनीहरूले हिमनदी पग्लिनेक्रम बढेको, जलवायुजन्य हानिनोक्सानी बढेको, पानीका स्रोत र मुल सुक्दै गएका, स्थानीय बालीनालीमा जलवायुको असर परेको, नाङ्गा हिमालमा पानी पर्दा पहिरो जाने समस्या बढेकोजस्ता समस्या अवगत गराएका थिए ।

यो वास्तविकता देखेका महासचिव गुटेरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । महासचिव गुटेरेस जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हिमालमा पुगेका केही हप्तापछि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-२८) को आयोजना हुँदैछ ।

सोही सम्मेलनमा आफूले विश्वको प्रदूषण वृद्धिमा धनी देशको भूमिका रहेको तर खुम्बु पासाङल्हामु गाउँपालिकाजस्ता दुर्गम स्थानका नागरिकको कुनै भूमिका नरहेको तथ्य उठाउने बताउनुभयो । नेपालको सङ्घीय संसद्लाई सम्बोधन गर्दा उहाँले जलवायु परिवर्तनको असर नेपालमा कति परेको छ र आफ्ना कारण विना नै नेपाल कसरी पीडित बन्नुपरेको छ भन्ने कुरा धनी र यसका कारक देशसँग राम्रोसँग उठाउने बताउनभुयो ।

उहाँको यो भ्रमणले पक्कै पनि नेपालले नखाएको विष अब लाग्दै, लाग्नु हुँदैन र लागि नै हाले पनि विषको मात्रा नगन्य हुनुपर्छ भन्ने वास्तविकता विश्वका धनी दशेको कानमा पर्ने आशा गर्न सकिन्छ । यो हाम्रा लागि शुभ समाचार हो । महासचिव गुटेरेसको भ्रमणले बोकेको अर्को नेपाली सन्देश शान्तिको हो । हामीसँग विश्वमा अन्यत्र कतै वीरलै रहेका शान्तिका सन्देश छन् । जस्तो कि शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा राष्ट्रसङ्घीय महासचिव पुग्नु नै नेपालको शान्तिको सन्देश विश्वमा पुग्नु हो । यतिखेर विश्वको झण्डै एक तिहाइ जनसङ्ख्याले बुद्ध दर्शनलाई अँगालेका छन् । त्यसैले हामी नेपाली विश्वको कुनै पनि भूगोलका भन्दा भाग्यमानी हौँ । बुद्धका शान्तिका सन्देश विश्व जति आधुनिक, विकसित र कथित समृद्ध हुँदै गएको छ त्यति नै सान्दर्भिक हुँदै गएका छन् । शान्तिका नाममा विश्वको कुनै पनि मानिसका दिमागमा सबैभन्दा पहिला आउने बुद्ध हुन र स्थान लुम्बिनी हो ।

त्यसैले त महासचिव गुटेरेस लुम्बिनी पुगेर विश्वका कुनै पनि युद्धरत मुलुकलाई युद्ध छोडेर शान्तिको बाटोमा लाग्न आग्रह गर्नुभयो । मङ्गलबार बिहान गौतमबुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेपछि महासचिव गुटेरेसले मायादेवी मन्दिर अगाडिबाट सम्बोधन गर्दै युद्धग्रस्त मुलुकलाई शान्तिको मार्गमा लाग्न आग्रह गर्नुभयो । उहाँले संसारभरि नै शान्ति स्थापनाका लागि लुम्बिनी एक पवित्र उद्यान हो भन्दै लुम्बिनीमा उभिएर विश्वलाई नै शान्तिको सन्देश दिन पाएकोमा आफूलाई अत्यन्त खुसी लागेको बताउनुभयो । उहाँले लुम्बिनीबाट यो आह्वान गरिरहँदा विश्वमा युक्रेन, रसिया, इजरायल, प्लानेस्टाइनसहित विभिन्न मुलुकमा युद्ध जारी छ । तिनका लागि उहाँको यो भ्रमणको सन्देश सान्दर्भिक छ ।

अर्को हामीसँगको शान्तिको सन्दशे भनेको विश्वका द्वन्द्वग्रस्त देशमा नेपाली सेनाको उपस्थिति र मध्यस्थता हो । सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै नेपालले विश्व शान्तिका लागि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । राष्टसङ्घका आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा नेपाली सैनिक टोली खटिइआएको छ । विश्वका लगभग ४४ मिसनमा एक लाख ४६ हजारभन्दा बढी नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन् । संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा योगदान दिने दोस्रो देशका रुपमा रहेको नेपालका अहिले पनि विश्वका करिब १२ मुलुकमा पाँच हजारभन्दा बढी सैन्य तथा प्रहरी कार्यरत छन् ।

शान्तिसँग जोडिएको नेपालको अर्को पाटो भनेको हामीले हाम्रो हाम्रो द्वन्द्वलाई कसरी आफ्नै मौलिक प्रयासबाट सम्पन्न गर्न सक्यौँ भन्ने पनि हो । संसारले नै अध्ययन गर्नुपर्ने गरी हामीले हाम्रो माटोको सशस्त्र द्वन्द्वको आफैँले व्यवस्थापन गऱ्यौँ र शान्ति स्थापनाको नेपाली मोडल स्थापना गरी देखाइदियौँ । विद्रोही पक्षलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभाको निर्वाचनमार्फत् सरकारमा पठाएर विद्रोहीपक्षकै संलग्नता र सहमतिबाट उत्कृष्ट समावेशी संविधान निर्माण गरी उनीहरूलाई नै सरकारको नेतृत्वमा पठाएको मोडल विश्वमा अन्यत्र सायदै पाइन्छ होला । जुन वास्तविकतालाई महासचिव गुटेरेसले पनि स्वीकार गर्नुभयो र यसबाट विश्वले सिक्नुपर्ने अभिव्यक्ति पनि दिनुभयो । हामीले आर्जेका यी उपलब्धिहरूलाई बाह्य विश्वमा देखाउन महासचिव गुटेरेसको भ्रमण एउटा सुखद् अवसर र सन्देश दुवै हो ।

संयुक्त राष्ट्रसङ्घको महासचिव संसारका मिडियाले सबैभन्दा बढी पछ्याउने पद हो । संसारका शक्ति राष्ट्रका नेतृत्वको चियो गरेजस्तै मिडियाले समाचारमा महासचिवको पदचाप पनि बढीनै पछ्याउँछन् । त्यस्ता व्यक्तिको नेपाल भ्रमणले देशको कूटनीतिक उचाइ बढाउँछ नै । महासचिव गुटेरेसको यो भ्रमण नेपालका लागि एक महत्वपूर्ण कूटनीतिक लाभ हो । यो कूटनीतिक उपलब्धिभित्रै नेपालले भोगिरहेको जलवायु सङ्कट र नेपालको शान्तिको सन्देश संसारमा फैलाउने अर्को एक अवसर पनि हो ।

महासचिव गुटेरेसका नेपालको अर्थपूर्ण र महत्वपूर्ण पदचापको सन्देश जलवायु सङ्कट र शान्तिको सन्देश संसारमा पुऱ्याउनु हो । हाम्रा हिमालको सङ्कटलाई न्याय उहाँका आँखाले देख्दा जति प्रभावकारी अरुबाट कमै हुनसक्छ । त्यतिकै महत्वपूर्ण उहाँले लुम्बिनीबाट विश्वका अशान्त देश र द्वन्द्वहरूलाई शान्तिका लागि गर्नुभएको आह्वान छ । उहाँका पदचापले फैलाएका यी सन्देश विश्वमा कहाँ पुगे र त्यसबाट हामीले कसरी र के लाभ लिने भन्ने विषयलाई हाम्रो कूटनीतिक कौशलताले पछ्याउनुपर्ने खाँचो त छँदैछ ।

# संसद्‌मा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**सांसद विनिताकुमारी सिंहले माइतीघर मण्डलामा आरती साहको न्यायको लागि सङ्घर्षरतहरुको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।**

काठमाण्डु । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरुले चाडपर्वमा खाद्यान्नको आपूर्ति, सडक मर्मत, कृषि उत्पादनको बजारीकरणलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकको शून्य समयमा सांसद बिजुला रायमाझीले नेपालमा उत्पादन हुने दूध, दूधजन्य पदार्थ र माछामा आत्मनिर्भर हुँदै भारतीय आयातालाई रोक्न तथा नेपाली उत्पादनलाई प्रवर्द्धन गर्न माग गर्नुभयो । उहाँले नेपाली किसानले उत्पादन गरेको दूध, माछालगायत बस्तुको उचित मूल्य निर्धारण गर्न र उखु किसानको समस्या समाधान गर्न पनि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

> बैठकको शून्य समयमा सांसद बिजुला रायमाझीले नेपालमा उत्पादन हुने दूध, दूधजन्य पदार्थ र माछामा आत्मनिर्भर हुँदै भारतीय आयातालाई रोक्न तथा नेपाली उत्पादनलाई प्रवर्द्धन गर्न माग गर्नुभयो । उहाँले नेपाली किसानले उत्पादन गरेको दूध, माछालगायत बस्तुको उचित मूल्य निर्धारण गर्न र उखु किसानको समस्या समाधान गर्न पनि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

### सडक सुरक्षा परिषद् गठन गर्न माग

सांसद विद्या भट्टराईले सडक दुर्घटना नियन्त्रणका लागि छुट्टै नियमनकारी निकायका रुपमा सडक सुरक्षा परिषद् निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले विश्वमा अकाल मृत्युको आठ कारणमध्ये नेपालमा पहिलो कारण सडक दुर्घटना बनेको छ भन्दै यस्ता दुर्घटना न्यूनीकरणका लागि दीर्घकालीन योजना ल्याउन माग गर्नुभयो ।

नेपालमा आव २०७९/८०को तथ्याङ्कअनुसार दुई हजार तीन सय २० जनाको सडक दुर्घटनामा परी मृत्यु भएको र २८ हजार एक सय ५६ घाइते भएका छन्। असुरक्षित मापदण्डविहीन सडक, सवारीसाधनको गुणस्तर मापनमा कमजोरी र चालकको लापरवाहीका कारण दुर्घटनाबाट नागरिकका जीवन क्षति हुनु एक नियति नै बनेको सांसद भट्टराईको भनाइ थियो।

सांसद विनिताकुमारी सिंहले माइतीघर मण्डलामा आरती साहको न्यायको लागि सङ्घर्षरतहरूको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सुशीला थिङ्गले आरती साहको मृत्यु प्रकरण पेचिलो बन्दै गएको र मृतकका परिवारले न्याय पाउनुभन्दा उल्टै अन्यायमा परेकाले उक्त घटनाका सम्बन्धमा तत्काल छानबिन समिति गठन गर्न जोड दिनुभयो ।

सांसद बीना लामाले नजिकिएको तिहारमा चिनीको अभाव हुन नदिन र सुपथ मूल्यमा जनतालाई चिनी उपलब्ध गराउने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

### नेपाली विद्यार्थीको उद्धार गर्न माग

सांसद विश्वप्रकाश शर्माले नेपाली विद्यार्थी विपीन जोशी हमासको नियन्त्रणमा रहेको पुष्टि भएको र उनलाई कतार सरकारमार्फत कुरा गरेर उद्धार गर्न सकिने भएकाले यो प्रक्रियामा पहल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले भारत, बङ्गलादेश र भूटान तीन देशसँग निकट रहेको सीमानाका काँकडभिट्टामा पर्यटकको आवागमनलाई सहज बनाउनका लागि भारतसरकारसँग कुरा गरेर सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद श्यामकुमार घिमिरेले संसद्‌लाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो ।

सांसद शान्ति विकले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक वृद्धि गरी कार्यान्वयन गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद शिव नेपालीले देशभरका पर्यटकीय क्षेत्रलाई प्राथमिकतामा राखेर पर्यटन प्रवर्द्धन गरिनुपर्ने, व्यवसायमैत्री पर्यटकीय पूर्वाधार विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

सांसद शेरबहादुर कुँवरले हालैको असिना पानीले सुदूरपश्चिम भेगमा किसानले लगाएको बालिनालीमा क्षति पुऱ्याएकाले पीडित कृषकलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद शोभा ज्ञवालीले समाजमा गलत भ्रम फैलाउने तत्वलाई कानुनी दायरामा ल्याउन जोड दिर्नुभयो । सांसद सन्तोष चालिसेले बजेटमा व्यवस्था भएअनुरुप सडक र पुलपुलेसाको मर्मत प्रभावकारी हुन नसकेको गुनासो गर्नुभयो ।

सांसद सरस्वती बजिमयले आरती साहको मृत्यु प्रकरणबारे छानविन गर्न, उनको न्यायका लागि कानुनी प्रक्रिया अबलम्बन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सरिता भुसालले नेपाली घिउको माग अन्तर्राष्ट्रिय बजारमा बढिरहेकाले निर्यात प्रवर्द्धनका लागि ध्यान दिन आग्रह गर्नुभयो ।

सांसद शान्ति चौधरीले बजारमा चिनिलगायत खाद्यवस्तु अभाव हुन नदिन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सुशीला श्रेष्ठले यही कात्तिक ६ गते भोजपुरको आमचोकमा दिपचन्द्र राईद्वारा सात वर्षीया बालिकाको बलात्कार र हत्या भएको, कात्तिक ८ गते मुगुरासा नपा-५ स्थित मुन्दु गाउँमा तीन जनाको सामूहिक हत्या भएकाले यस्ता घटनाको चाँडो अनुसन्धान गरी दोषीलाई कारबाही गर्न र आगामी दिनमा त्यस्ता आपराधिक गतिविधि हुन नदिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद हितराज पाण्डेले संसद्‌को दोस्रो अधिवेशन सकिँदै गर्दा आआफ्नो कामको समीक्षा गर्न जरुरी रहेको बताउनुभयो । उहाँले गोरखाको च्याङ्लीमा कृषि क्याम्पस सञ्चालन गर्ने निर्णय लामो समयदेखि भए पनि अझै स्थापना नभएकामा चिन्ता व्यक्त गर्दै यसप्रति ध्यान दिन आग्रह गर्नुभयो।

सांसद सोविता गौतमले चाडपर्वको समयमा बजार व्यवसाय चलायमान नभएको, व्यवसायीले आफ्नो सामान बेच्न नसकेको र उपभोक्ताले महँगो सामान किन्न नसकेको अवस्थामा यसको दीर्घकालीन समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

### बाराक्षेत्र पुग्ने सडक मर्मत गर्न माग

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरीको प्रसिद्ध मन्दिर बाराक्षेत्र मन्दिरपुग्नेसडकखण्डअन्तर्गत चतारा कोशी पुलदेखि मन्दिरसम्म करिब तीन किलोमिटर सडकको अवस्था दयनीय रहेकाले दर्शनार्थीलाई मन्दिर पुग्न निकै सास्ती भएकाले यथाशीघ्र सडक मर्मतका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कार्कीले नेपाल मात्र नभई छिमेकी मुलुक भारतबाट पनि उल्लेख्य सङ्ख्यामा भक्तजन आउने गरेकोले उक्त क्षेत्रको सडक मर्मत गरी दर्शनार्थीलाई सहज आवतजावतको वातावरण बनाउन माग गर्नुभयो ।

सांसद हरि ढकालले किसानले उत्पादन गरेको फूलको स्वदेशमै खपत र प्रवर्द्धनका लागि सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसदहरु सुमना श्रेष्ठ, सुनिता बराल, सूर्य थापा, सूर्यप्रसाद ढकाल, हेमराज राई, सीताकुमारी राना, सोनु मुर्मुलगायतले पनि समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# मुलुकको आर्थिक क्षेत्र धेरै सुधारोन्मुख: प्रधानमन्त्री



लुम्बिनी । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको बताउनुभएको छ । सरकार लागि सरकारले वृहतकार्य योजनाकासाथ आउने पनि उहाँको भनाइ छ ।

बुटवलस्थित आम्दा नेपाल, सिद्धार्थ महिला तथा बाल अस्पतालको २५औँ वार्षिकोत्सव समारोहमा प्रधानमन्त्री दाहालले आफू प्रधानमन्त्री भएपछि आर्थिक क्षेत्रमा धेरै सुधार भएको उल्लेख गर्नुहुँदै अर्थतन्त्रमा परेको दबाब समाधानका लागि सरकारले सम्पूर्ण शक्ति लगाइरहेको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले सरकारको लगातारको प्रयासले बैंक तथा वित्तीय संस्थामा कर्जाको ब्याजदर कम हुँदै गएको दाबी गर्नुभयो । “हामी ब्याजदरलाई एकल अङ्कमा नभए १० प्रतिशतभन्दा बढी नरहने गरी कायम राख्ने प्रयत्नमा छौँ”, उहाँले भन्नुभयो, “विदेशी मुद्राको सञ्चिति बढेको छ, रेमिट्यान्स र राजस्व पनि बढेको छ । जग्गाको कित्ताकाट खुल्दा घरजग्गा कारोबार बढेको छ ।”

प्रधानमन्त्री दाहालले मौद्रिक नीति र वित्तीय क्षेत्रको सुधारको काम भइरहेको बताउँदै उद्योगी, व्यवसायीलाई निराशा नहुन आग्रह गर्नुभयो । यसैगरी पर्यटन व्यवसायसमेत फस्टाउँदै गएको, राजस्व वृद्धिको ट्रेन्ड देखा पर्दै गएको उहाँको भनाइ छ ।

प्रधानमन्त्री दाहालले वर्तमान सरकार नागरिकको स्वास्थ्यको हकप्रति संवेदनशील रहेको उल्लेख गर्नुहुँदै आफ्नो नेतृत्वमा गठन भएको सरकारले स्वास्थ्य सेवामा सामाजिक सुरक्षा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो । उहाँले गरिब, विपन्न र असहाय नागरिकलाई स्वास्थ्य सेवा प्रवाहका लागि सरकारी अस्पतालका दुई हजार आठ सय शयूया निःशुल्क उपलब्ध गराइएको जानकारी दिनुभयो ।

“सरकारी, सामुदायिक र निजी अस्पतालले कूल शय्याको १० प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचारका लागि कार्यान्वयनमा ल्याउन पहल गरिएको छ”, उहाँले भन्नुभयो, “स्वास्थ्य क्षेत्रमा यस्ता धेरै काम अगाडि बढेका छन् जसले स्वास्थ्य क्षेत्रमा सामाजिक सुरक्षा र सरल एवं सहज सेवा प्रवाहका निम्ति आधारभूत अर्थ राख्दछन् ।”

प्रधानमन्त्री दाहालले निकै ठूलो मेहनत र सङ्घर्षको प्रतिफलबाट नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको बताउनुभयो । उहाँले संविधानमा गरिएको उक्त व्यवस्थामा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने र प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरिएको उल्लेख गर्नुभयो ।

उहाँले रूपन्देही क्षेत्रमा मानवसेवामा समर्पित प्रतिष्ठित जापानी डाक्टर सिगेरू सुगानामी सहितका व्यक्तिको योगदानमा स्थापित आम्दा नेपालले बुटवलमा सिद्धार्थ अस्पताल तथा क्याम्पस दुवैले आमा र बालबालिकाको स्वास्थ्यमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो ।

“बालबालिका तथा महिलालाई एउटै स्थानबाट यति धेरै सुविधा प्रदान गर्नु र दुरदराजका बिरामीकोसमेत स्तरीय उपचार गर्नुले अस्पतालको भूमिका महत्वपूर्ण रहेको छ”, उहाँले भन्नुभयो, “एउटा च्यारिटी अस्पताल र शिक्षण संस्थाको नाताले यहाँका स्थानीय निम्न आर्थिकस्तर भएका जनताका निम्ति यो संस्था धेरै नै उपलब्धिपूर्ण रहनेछ भन्नेमा मैले विश्वास लिएको छु ।”

लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री तथा प्रदेशसभामा नेकपा (एमाले) संसदीय दलका नेता लीला गिरीले अस्पतालको सेवा राम्रो रहेको बताउनुभयो । उहाँले अस्पतालको काम र सेवा प्रवाह पवित्र उद्देश्यका साथ पारदर्शी रूपमा हुनुपर्नेमा जोड दिनुभयो ।

नेता गिरीले रुपन्देही जिल्लामा सञ्चालित विकास आयोजना निर्माणमा ढिलाइ हुँदा यहाँका नागरिकले समस्या भोग्नुपरिरहेको बताउदै बुटवल-सुनौली ६ लेन बाटो १२ वर्षदेखि निर्माण पूरा हुन नसक्नु, तीन वर्षमा निर्माण सम्पन्न हुनुपर्ने बुटवल-नारायणबाट सडक अलपत्र अवस्थामा रहनु, भैरहवास्थित गौतबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चल्न नसक्दा कारणले यहाँको आर्थिक क्षेत्र पनि चलायमान हुन नसकेको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

“मुलुकका समस्या तत्काल समाधान किन गर्न सकिएको छैन यसबाट जनता दुखि छन्”, उहाँले भन्नुभयो, “जनता आत्तिएका छन्, यस्तै कारणले पनि लोकतन्त्रकाविरूद्ध र हाम्रा विरूद्ध भड्काउने शक्ति सक्रिय बन्न खोजेका छन् ।” लुम्बिनी प्रदेशका प्रदेशसभाका सभामुख तुलाराम घर्ती मगरले बाल तथा महिला अस्पताल नमुना अस्पताल, लुम्बिनी प्रदेशमा बालबालिका बचाउने अस्पतालको रूपमा स्थापित भएको र आमा तथा बाल स्वास्थका लागि परिचित रहेको बताउनुभयो ।

आम्दा इन्टरनेशनलका अध्यक्ष डा सिगेरू सुगानामीले आफू बुद्ध धर्मालम्बी भएको र बुद्धका बिचारबाट प्रभावित भएको बताउनुभयो । उहाँले गएराति सपनामा बुद्धलाई देखेको र बुटवलमा स्थापना गरिन लागेको मेडिकल कलेज निर्माणमा नेपालका प्रधानमन्त्रीले खुलेर सहयोग गर्ने बताउनुभएको भन्दै प्रधानमन्त्रीलाई सुनाउनुभएको थियो ।

उहाँले आम्दा नेपाल जस्तो संस्था आफ्नो जेठो छोरा जस्तै भएको बताउँदै यहाँ मेडिकल कलेज निर्माण गरेर यसबाट उत्पादिन जनशक्तिले विश्वका द्वन्द्वग्रस्त क्षेत्रमा स्वास्थ्य सेवा उपलब्ध गराउने बताउनुभयो । रासस

# शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन सबै दलबीच सहकार्य जरुरी : मन्त्री शर्मा

दाङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सबै दलबीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ । घोराही उपमहानगरपालिका-११ जीतपुर स्थित सहिद परिवारसङ्ग बिहीबार भएको भेटमा उहाँले शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउने बताउनुभयो ।




संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणको समयमा सबै दलले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन जाहेर गर्नुभएको प्रतिबद्धताले पनि अब शान्ति प्रक्रिया निष्कर्षमा पुग्ने सम्भावना बढेको उहाँको भनाइ थियो । मन्त्री शर्माले महासचिव गुटेरेसले सङ्घीय संसद्‌मा राखेको धारणा मुलुकका लागि महत्वपूर्ण रहेको बताउनुभयो । सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत शान्ति प्रक्रियाका बाँकी काम टुङ्गोमा पुऱ्याउने तयारी भइरहेको बताउँदै उहाँले यसका लागि सम्पूर्ण दलहरु एकमत हुनेमा आफू विश्वस्त रहेको उल्लेख गर्नुभयो ।

अन्तर्राष्ट्रिय समुदायले नेपालको शान्ति प्रक्रियाका बाँकी कामलाई नजिकबाट हेरिरहेको धारणा राख्दै मन्त्री शर्माले यो विषयलाई छिटोभन्दा छिटो हल गरी नेपालमा स्थायी शान्ति स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका शर्माले सरकारले पहिलो पटक सहिदका नाम राजपत्रमा प्रकाशन गर्ने र फागुन १ गतेलाई जनयुद्ध दिवसका रुपमा मनाउनु सहिदप्रतिको सच्चा सम्मान भएको धारणा राख्नुभयो ।

राजपत्रमा प्रकाशित हुन छुटेका सहिदको नाम थप्ने विषयमा सरकारले काम गरिरहेको जानकारी दिँदै उहाँले सबै दलको सहमतिमा द्वन्द्वपीडितलाई न्याय दिइने बताउनुभयो । भेटमा सहिद परिवारले गाउँको बाटो र खानेपानीको समस्या हल गर्न मन्त्री शर्मालाई आग्रह गरेका थिए । उनीहरुले सहिदका सपना पूरा गर्न जनयुद्धकालीन शक्ति एक भएर अघि बढ्नुपर्ने र त्यसका लागि माओवादी केन्द्रले पहल गर्नुपर्ने धारणा राखेका थिए । रासस


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सुचना

**प्रकाशित मिति: २०८०/०७/१७**

यस धनुषाधाम नगरपालिकाबाट २०८०/०६/१४ को प्रकाशित सुचना अनुसार ठेक्का नं. DM/NCB/G/01/2080/81 का लागि तोकिएको मिति र समय भित्र e-bidding बाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल उल्लेखित बोलपत्रदाताको बोलपत्र अधिक्तम मूल्याकित सारभुत रुपमा प्रभावग्राहि भएकाले बोलपत्र स्विकृतका लागी छनौट भएका हुँदा धनुषाधाम नगरपालिकाको नगरसभा द्वारा स्वीकृत प्रशासकिय कार्य नियमित गर्ने ऐन २०७६ को दफा ४(१) को अधिकार प्रयोग गरी बनाईएको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४० को उपनियम १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी ७(सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु | कैफियत |
|---|---|---|---|---|
| DM/NCB/G/01/2080/81 | मुर्गीया खोला ,वालुवा खोला र मालटोल खोला बगरबाट नदिजन्य पद्धार्थको बिक्री | Sony construction and suppliers pvt.ltd | ४२,००,१००।- (मु.अ.क बाहेक) | |

प्रमुख प्रशासकिय अधिकृत



## मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान
## प्रादेशिक अस्पताल
### मधेश प्रदेश
जनकपुरधाम, धनुषा (नेपाल)

## सिलबन्दी दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना

**(सूचना प्रकाशन मिति : २०८०/०७/१७)**

यस अस्पतालको मिति २०८०/०६/०८ गतेको दैनिक पत्रिका “जनकपुर टुडे” मा पहिलो पटक प्रकाशित सुचना अनुसार बोलपत्र मार्फत खरिद गरिने ठेक्का नं MP/MIHS/SQ/GOODS-1/2080-81(The Procurement of Stationary) र MP/MIHS/SQ/GOODS-2/2080-81 (The Procurement of Printing Items (Forms and Cards) खरिदका लागि तपसीलमा उल्लेखित सिलबन्दी दरभाउपत्रदाताको प्रस्ताव न्यूनतम मूल्यांकित सारभूत रुपम प्रभावग्राही देखिएको हुदाँ स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | छनौट भएको सिलबन्दी दरभाउपत्रदाताहरुको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| MP/MIHS/SQ/GOODS-1/2080-81 | The Procurement Of Stationary Supply | Salghari Enterprises Pvt.Ltd Mahalaxmi 5 Tikathali Lalitpur | Rs. 13,08,150.00 |
| MP/MIHS/SQ/GOODS-2/2080-81 | The Procurement of Printing Items (Forms & Cards | Aman Media Service Thapa chowk Janakpurdham Dhanusha | Rs. 9,63,450.00 |

अस्पताल निर्देशक

# इजरायलमा बन्दुक लाइसेन्सका लागि हजारौंले दिए आवेदन

**इजरायलको राष्ट्रिय सुरक्षा मन्त्री अटामार बिन गुएर, जो अति दक्षिणपन्थी चरमपन्थी मानिन्छ, लामो समयदेखि मानिसहरूलाई बन्दुकको इजाजतपत्र दिन समर्थन गर्दै आएका छन्। उनले भनेका छन् कि नयाँ हतियारहरू विशेष गरी गाजा सीमा नजिक वा मिश्रित यहूदी-अरब जनसंख्या भएका शहरहरूमा बस्नेहरूका लागि हुन्।**



**बीबीसी**

इजरायल । इजरायलमा हमासले अक्टोबर ७ मा गरेको आक्रमणपछि बन्दुक, पेस्तोल र रिभल्भर जस्ता हतियारको लाइसेन्सका लागि इजरायली नागरिकबाट एक लाख २० हजारभन्दा बढी नयाँ निवेदन परेका छन् ।

याद गर्नुहोस् कि हमासको आक्रमणमा १,४०० भन्दा बढी इजरायलीहरू मारिएका थिए, जबकि इजरायलको जवाफी आक्रमणमा हालसम्म ८,००० भन्दा बढी प्यालेस्टाइनीहरू मारिएका छन्। यद्यपि, इजरायलमा कानुनी रूपमा हतियार र शूटिंग दायराहरू प्राप्त गर्न असामान्य रूपमा ठूलो भीड छ। इजरायल सरकारले बन्दुक सम्बन्धी कानूनमा छुट दिने घोषणा गरेको छ ।

उनले आपराधिक अभिलेख नभएका व्यक्तिलाई पनि बन्दुक राख्न योग्य हुने बताए। यो कानुनअनुसार अब जोसुकैले ५० वटाको सट्टा १०० चक्की खान पाउनेछन् ।

"अब उनीहरूले सबै प्रतिबन्धहरू हटाइसकेका छन्, बन्दुक लिन सजिलो भएको छ," जेरुसेलमभन्दा बाहिरको किबुट्जका ४१ वर्षीय वकिल ओम्री स्नाइडर भन्छन्। तर स्नाइडर यस निर्णयबाट धेरै खुसी छैनन्। हजारौं हतियार सर्वसाधारणलाई दिनुको नतिजाबारे उनीहरू चिन्तित छन्। "यसका फाइदाहरू छन् तर निश्चित रूपमा यसको बेफाइदाहरू पनि छन्," उनी भन्छन्। हामीले अमेरिकामा के भएको देखेका छौं। यो सजिलो निर्णय थिएन। तर मलाई लाग्छ कि यो निर्णय इजरायलका जनतालाई सुरक्षित महसुस गराउनको आवश्यकताको आधारमा लिइएको हो।

इजरायलको राष्ट्रिय सुरक्षा मन्त्री अटामार बिन गुएर, जो अति दक्षिणपन्थी चरमपन्थी मानिन्छ, लामो समयदेखि मानिसहरूलाई बन्दुकको इजाजतपत्र दिन समर्थन गर्दै आएका छन्। उनले भनेका छन् कि नयाँ हतियारहरू विशेष गरी गाजा सीमा नजिक वा मिश्रित यहूदी-अरब जनसंख्या भएका शहरहरूमा बस्नेहरूका लागि हुन्। उनले स्थानीय जनतालाई सिभिल डिफेन्स टोली बनाउन पनि आग्रह गरेका छन् ।

उनले भने, 'अहिलेको अवस्थालाई ध्यानमा राख्दै हामीले हाम्रो किबुट्जमा बन्दुक लैजाने र छिमेकको अनुगमन गर्ने टोली बनाउने निर्णय गरेका छौं। आपतकालिन अवस्थामा, यो टोलीले सञ्चालन गर्नेछ र, भगवानले नराख्नुहोस्, त्यहाँ अर्को फायरिङ वा आतंककारीहरूले घुसपैठ गर्नेछ। इजरायली जनसङ्ख्याले अझ सुरक्षित महसुस गर्ने उपायहरू खोजिरहेका छन्, इजरायलमा बसोबास गर्ने अरबहरू, जो जनसंख्याको द्दण प्रतिशत भन्दा बढी छन्, भन्छन् कि तिनीहरू कहिल्यै डराएको थिएनन्।

देशभरका अरब इजरायली नागरिकहरूले भेदभाव, मौखिक दुर्व्यवहार र अनलाइन ट्रोलिङका घटनाहरू रिपोर्ट गरिरहेका छन्। मध्य इजरायलको लोद सहरको यहूदी र अरब जनसंख्याको बीचमा जातीय हिंसाको पीडादायी इतिहास छ। अपाङ्गता भएका बालबालिकाको विशेषज्ञ शिक्षिका सहार हाम्दोनीले आफ्नो सम्पूर्ण जीवन इजरायलको लोदमा बिताएकी छन्। उनको बाटोको एकापट्टि यहुदीहरूका घरहरू छन् भने अर्कोतिर अरबी मूलका मानिसहरूका घरहरू छन्।

उनी भन्छिन् कि हालैका आक्रमणहरू पछि उनी अब यहूदी क्षेत्रमा किनमेल गर्न जाँदैनन्। बरु, तिनीहरू अरबी पसलहरू पुग्न लामो यात्रा गर्छन्। उनी भन्छिन्, ' हाम्रो घरमा यसअघि पनि आक्रमण भएको थियो । हामी पहिले नै आघात संग व्यवहार गर्दैछौं। इजरायलका अरब नागरिकहरू, जसमध्ये धेरैले प्यालेस्टाइनीको रूपमा पहिचान गर्छन्, सामान्यतया इजरायली सरकारले अनिवार्य सैन्य भर्तीबाट छुट पाएका छन्। यो तालिम बिना उनीहरुलाई बन्दुकको लाइसेन्स पाउन निकै गाह्रो छ ।

उनी भन्छिन्, "मलाई डर छ कि इजरायलीहरूले आफ्नो आत्मरक्षाको अधिकार प्रयोग गर्दा हाम्रो जीवन र हाम्रा छोराहरूको जीवन गुम्न सक्छ। मैले केही गल्ती गरेको कारणले होइन, तर म एक अरब हुँ। यदि मेरो छिमेकी "यहूदीहरूले बन्दुक राख्ने अधिकार छ, त्यसोभए म वा दुवै पक्षसँग बन्दुक हुनुहुँदैन?" हमासको आक्रमण पछि, इजरायलको मिश्रित जनसंख्या भएका सहरहरू, कुनै समय स्थानीय पर्यटकहरूका लागि आकर्षक थिए, सुनसान भएका छन्।

लुड रेस्टुरेन्टका मालिक अबु अमिर भन्छन्, "मेरा ६० प्रतिशतभन्दा बढी ग्राहक यहूदी थिए । "तर अहिले आएका छैनन्, कोही आउँदैनन्, कसैले बोलाउँदैनन् । अरबहरू यहूदी क्षेत्रहरूमा जान डराउँछन् र यहूदीहरू अरब क्षेत्रमा जान डराउँछन्।

# नेपाल ओमानसँग पाँच रनले पराजित

काठमाण्डु । आइसिसी टि २० विश्वकप एशिया क्षेत्रको फाइनल छनोटअन्तर्गत बिहीबार भएको खेलमा नेपाल ओमानसँग पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको हो । यसजितसँगै ओमान समूह ए को विजेता तथा नेपाल उपविजेता बन्यो ।

ओमानले दिएको १४६ रनको चुनौती पछ्याएको नेपाल निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै एक सय ४० रनमा समेटियो । नेपालका विवेक यादवले २४ बलमा ५ छक्कासहित सर्वाधिक ३९ रन बनाए । त्यस्तै कुशल भुर्तेलले २६ रन बनाए भने करण केसीले १५ रन जोडे ।

नेपालले सुरुआतदेखि नै लगातार विकेट गुमाएको थियो । आसिफ शेखले पाँच रन जोड्दै आउट भए भने सोमपाल कामी, कप्तान रोहितकुमार पौडेल र सन्दीप जोराले समान १२/१२ रन जोड्दै आउट भए । त्यस्तै गुलशन झाले ३ रन जोडे ।

ओमानका विलाल खानले तीन किकेट झारे भने अकिब इलयास, सकिल अहमद र मेहरान खानले समान दुई/दुई विकेट लिए । त्यस्तै कप्तान जिशान मकसुदले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले व्याटिङ गरेको ओमानले निर्धारित २० ओभरमा ९ विकेट गुमाउदै एक सय ४५ रनको योगफल बनाएको थियो । ओमानका लागि जिशान मकसुदले सर्वाधिक ३२ रनको योगदान दिए । उनले २६ बलमा १ चौका र ३ छक्कासहित ३२ रन बनाएका हुन । त्यस्तै नसिम खुसीले २५ रन बनाए भने प्रतीक अथभलले २४,सकिल अहमदले २२ तथा आयान खानले १८ रन बनाए ।

नेपालका लागि करण केसीले तीन विकेट लिए भने सोमपाल कामी र सन्दीप लामिछानेले समान दुई/दुई विकेट लिए । त्यस्तै गुलशन झा र अभिनाश बोहोराले समान एक/एक विकेट लिए । नेपालले भोलि हुने सेमिफाइनल खेलमा समूह बी को विजेता युएईसँग खेल्नेछ । रासस

# युएईद्वारा हङकङ पराजित




काठमाण्डु । आइसिसी ट्वान्टी-२० विश्वकप एसिया क्षेत्र फाइनल छनोटअर्न्तगत समूह चरणको अन्तिम खेलमा संयुक्त अरब इमिरेट्स (युएई) ले हङकङलाई हराउँदै विजयी भएको छ ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा बिहीबार भएको खेलमा हङकङलाई २२ रनले पराजित गर्दै युएई समूह 'बी'को विजेता बन्न सफल भयो । यो जितसँगै युएईले भोलि हुने सेमिफाइनल खेलमा नेपालसँग प्रतिस्पर्धा गर्नेछ ।

नेपाल समूह 'ए' को उपाविजेता बन्दै सेमिफाइनलमा पुगेको हो । जितको लागि एक सय ७७ रनको विजयी लक्ष्य पछ्याएको हङकङले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै एक सय ५४ रनमा समेटियो ।

हङकङका लागि अन्स्या राथले सर्वाधिक ५९ रनको योगदान दिए । उनले ४७ बलमा ८ चौकासहित सर्वाधिक ५९ रन बनाएका हुन् । त्यस्तै एजिज खानले २६ निजाकत खानले २५, तथा नस्रुल्लाह रानाले १३ रन बनाए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । युएईका अली नासिर र जहुर खानले समान दुई विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ७६ रनको योगफल बनाएको थियो । युएईका लागि बासिल हामिद सर्वाधिक ५१ रनका योगदान दिए । उनले २९ बलमा ४ चौका र ३ छक्कासहित सर्वाधिक ५१ रन बनाएका हुन् ।

कप्तान मोहम्मद वासिमले २४ बलमा ५ चौका र ३ छक्कासहित ४६ रन जोडे । एलिशान शराफुले २४ बलमा २ चौका र २ छक्कासहित ३४ रन बनाए । वृत्य अरविन्द्यले १९ रन जोड्दा खालिद शाह ६ तथा आसिफ खान ४ रनमा आउट भए । हङकङका यासिम मुर्तजाले तीन विकेट लिए भने नस्रुल्लाह रानाले दुई विकेट लिए । त्यर्स्तै एहसान खानले एक विकेट लिए । रासस

# एक महिनामा एक लाख ६५ हजार अफगानीले पाकिस्तान छाडे

**एएफपी**

तोर्खम । इस्लामाबादले १७ लाख अफगानीलाई मुलुक छाड्न वा पक्राउ र निर्वासनको सामना गर्न अल्टिमेटम दिएपछि एक महिनामा एक लाख ६५ हजारभन्दा बढी अफगानी पाकिस्तानबाट भागेको अधिकारीहरूले बिहीबार बताएका छन् ।

नोभेम्बर १ को समयसीमा नजिक आउनासाथ प्रहरीले अफगानीहरूलाई पक्राउ गरेर हिरासतमा लिनका लागि दर्जनौं होल्डिङ सेन्टर खोल्न सुरु गरेपछि पछिल्ला केही दिनमा बहुसङ्ख्यक मानिस सीमामा पुगेका छन् ।

खैबर पख्तुनख्वा प्रान्तको तोर्खममा पाकिस्तानको सबैभन्दा व्यस्त सीमाविन्दुमा अधिकारीहरूले सात किलोमिटरसम्म फैलिएको २८ हजार मानिसको लाइनलाई हटाउन बिहीबार बिहानै काम गरेका थिए ।

त्यसपछि सीमामा यातायात सहज भएको छ । प्रहरीले खोजी अभियान सुरु गरेका कारण अधिकारीहरूले कागजातविहीन अफगानहरूलाई स्वेच्छाले जान प्रोत्साहन गरेका छन् ।

सीमावर्ती जिल्लाका डेपुटी कमिश्नर अब्दुल नासिर खानले भन्नुभयो, "समय सीमा समाप्त भएकाले अवैध अफगानीहरू ठूलो सङ्ख्यामा तोर्खमा पुगेका छन्, मानिसहरू अहिले पनि स्वेच्छाले फर्किन सक्छन् तर आज सीमामा एक हजार मात्र उपस्थित छन् ।"

खैबर पख्तुनख्वा प्रान्तबाट एक लाख २९ हजार मानिस भागेको प्रान्तीय गृह विभागले जनाएको छ । त्यहाँको सीमा अधिकारीहरूले ३८ हजार एक सय मानिस बलुचिस्तानको चमन हुँदै आएको बताएका छन् ।

हालैका दशकमा हिंसात्मक सङ्घर्षका क्रममा भागेर लाखौं अफगानीहरू पाकिस्तान आएका छन् । तीमध्ये सन् २०२१ अगस्टमा तालिबान सरकारले सत्ता कब्जामा लिएर कठोर इस्लामी कानून लागू गरेपछि करिब छ लाख मानिस रहेका छन् ।

# थाइल्यान्ड र हमासबीच इरानमा बन्धकबारे प्रत्यक्ष वार्ता

**एएफपी**

बैङ्कक ।थाई अधिकारीहरूले प्यालेस्टिनी आतङ्कवादी समूहद्वारा इजराइल हमलामा बन्धक बनाइएका २२ थाईको अवस्थाका बारेमा गत साता इरानमा हमाससँग प्रत्यक्ष वार्ता गरेको थाई प्रतिनिधिमण्डलका प्रमुखले बताउनुभएको छ ।

वार्ताकारहरूले गत बिहीबार तेहरानमा हमासका अधिकारीहरूसँग भेटेका थिए । भेटमा हमासले थाई बन्धकलाई 'उचित समय' मा रिहा गरिने बचन दिएको अरिपेन उत्तरासिनले बुधबार बैङ्ककमा पत्रकारहरूसँग भन्नुभयो ।

इजराइली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा गाजापट्टीबाट हमासले सुरु गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सय मानिसको ज्यान गएको थियो । हमासले दुई सय ३० भन्दा बढीलाई बन्धक बनाएको थियो । जवाफमा इजराइली सेनाले गाजामाथि हमला गर्दा आठ हजार सात सयभन्दा धेरै गाजाबासी मारिएको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

थाई संसद्का अध्यक्षद्वारा नियुक्त तीन सदस्यीय वार्ता टोलीको नेतृत्व गर्ने अरिपेनले इरानमा हमासका अधिकारीहरूसँग दुई घन्टा बैठक बसेको जानकारी दिनुभयो ।

"उनीहरू निर्दोष रहेको भन्दै मैले थाई बन्धकको रिहाइका लागि कुरा गरेँ", उहाँले भन्नुभयो, "उनीहरूले थाई बन्धकको राम्रो हेरचाह गरिएको मलाई आश्वासन दिएका छन् तर उनीहरूको रिहाइको मिति बताउन सकेनन्, उनीहरू उचित समयको प्रतीक्षा गरिरहेका थिए ।"

"उनीहरूले हाम्रो चिन्तालाई स्वीकार गरेका छन्, थाइल्यान्डले मुस्लिम समुदायलाई दया र लाभ देखाएको छ भन्ने उनीहरूलाई थाहा छ, उनीहरू थाइल्यान्डलाई सम्मान गर्छन्", अरिपेनले भन्नुभयो ।

प्रधानमन्त्री श्रेथा थाभिसिनले थाई बन्धकहरूलाई स्वदेश फर्काउन कडा मेहनत गरिरहेको बताउनुभएको छ । साथै विदेशमन्त्रीले यसै साता कतार र इजिप्टसँग कुराकानी गर्नुभएको छ ।

कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीले खाडी क्षेत्रको स्थितिको 'जटिलता' भए पनि बन्धकहरूलाई मुक्त गराउने प्रयासलाई अगाडि बढाइरहेको बताउनुभएको छ ।

प्रधानमन्त्री थाभिसिनले बुधबार राति इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुसँग टेलिफोन कुराकानी गर्नुभएको थियो । "उहाँले मलाई थाई बन्धकहरूको तुरुन्त सहयोगका लागि सक्दो प्रयास गरिने बताउनुभएको छ", प्रधानमन्त्री थाभिसिनले भन्नुभयो ।

पछि नेतान्याहुको कार्यालयले इजराइलका सबै बन्धकलाई मुक्त गराउन सक्दो प्रयास गरिरहेको प्रधानमन्त्री थाभिसिनलाई आश्वासन दिएको बताएको थियो ।

# इजरायल-हमास द्वन्द्व सुरु भएयता गाजामा नौ हजारभन्दा बढीको मृत्यु



**एएफपी**

गाजा । इजरायल र हमासबीच जारी द्वन्द्व सुरु भएयता गाजामा इजरायली आक्रमणमा परी ज्यान गुमाउने प्यालेस्टिनीको सङ्ख्या नौ हजार नाघेको गाजास्थित स्वास्थ्य मन्त्रालयले बिहीबार जनाएको छ ।

मन्त्रालयका प्रवक्ता अशरफ अल-कद्राले पत्रकार सम्मेलनमा तीन हजार ७६० बालबालिका र दुई हजार ३२६ महिलासहित मृत्यु हुनेको सङ्ख्या नौ हजार ६१ पुगेको र घाइतेको सङ्ख्या ३२ हजार नाघेको जानकारी दिनुभयो ।

इजरायली सेनाले पछिल्लो २४ घण्टामा १५ वटा आक्रमण गर्दा २५६ जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएको उहाँले बताउनुभयो ।

गाजाको सरकारी सञ्चार कार्यालयले इजरायलले आफ्नो आक्रमणको सुरुवातदेखि गाजा पट्टीमा १० भन्दा बढी बम खसालेको र इजरायलले प्रयोग गर्ने विस्फोटक पदार्थको मात्रा दुई हजार ५०० टन भन्दा बढी वा प्रति वर्ग किलोमिटर लगभग ७० टन पुगेको अनुमान गरेको छ ।

अक्टोबर ७ मा हमासले इजरायलमाथि एक्कासी आक्रमण गरी हजारौं रकेट प्रहार गरेको थियो र इजरायली भूमिमा घुसपैठ गरेको थियो, जसमा इजरायलमा कम्तिमा एक हजार ४०० व्यक्तिको मृत्यु भएको थियो ।

यसको जवाफमा इजरायली सेनाले गाजा पट्टीविरुद्ध हवाई आक्रमण र स्थलगत कारबाही सुरु गरेको थियो भने प्यालेस्टिनी इलाकामा नाकाबन्दी लगाएको थियो ।

# विपक्षीको फोन ट्र्याप आरोपको अनुसन्धान गर्दै भारत सरकार

**एएफपी**

नयाँदिल्ली । भारतको साइबर सुरक्षा एकाइले एप्पल आइफोनमा 'राज्य-प्रायोजित आाक्रमणकारीहरू' को चेतावनी प्राप्त गरेपछि फोन ट्र्यापिङको प्रयास भएको भन्ने विपक्षी नेताहरूको आरोपको अनुसन्धान गरिरहेको सञ्चारमाध्यमले बिहीबार बताएका छन् ।

भारतको कम्प्युटर इमरजेन्सी रेस्पोन्स टिम (सिआइआरटी-इन) ले उजुरीहरूको अनुसन्धान सुरु गरेको प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) ले जनाएको छ । "एप्पलले अनुसन्धानमा सहयोग गर्नेछ", इलेक्ट्रोनिक्स तथा सूचना मन्त्रालयका सचिव एस कृष्णनको भनाइ उद्धृत गर्दै पिटिआईले भनेको छ ।

सूचना तथा प्रविधिमन्त्री अश्विनी वैष्णवले मङ्गलबार सरकार उजुरीहरूबाट 'चिन्तित' भएको बताउनुभयो । "भारत सरकार सबै नागरिकको गोपनीयता र सुरक्षाको रक्षा गर्ने आफ्नो भूमिकालाई अत्यन्त गम्भीरताका साथ लिन्छ र यी सूचनाहरूको जरैसम्म अनुसन्धान गर्नेछ", सामाजिक सञ्जालमा उहाँले भन्नुभयो ।

विपक्षी काङ्ग्रेस पार्टीका नेता राहुल गान्धीले आफ्नो कर्मचारीका साथै शशि थरुर, महुआ मोइत्रा र प्रियङ्का चतुर्वेदीसहित विपक्षी सांसदहरूलाई पनि आइफोनबाट चेतावनी सन्देश प्राप्त भएको बताउनुभयो । "सरकारले चाहे जतिसुकै फोन ट्र्यापिङ गरोस्, मलाई कुनै फरक पर्दैन, उसले मेरो फोन लिन सक्छ, मलाई कुनै डर छैन", गान्धीले मङ्गलबार भन्नुभयो ।

भारत सरकारमाथि सन् २०२१ मा राजनीतिक विरोधी, कार्यकर्ता र पत्रकारहरूमाथि निगरानी राख्नका लागि विवादास्पद पेगासस स्पाइवेयर प्रविधिको प्रयोग गरेको आरोप लगाइएको थियो । यद्यपि सरकारले उक्त आरोपलाई अस्वीकार गरेको छ ।

एप्पलले उक्त मामिलामा कुनै टिप्पणी गरेको छैन । यद्यपि उसको वेबसाइटमा धम्कीपूर्ण सूचनाहरू 'राज्य-प्रायोजित आक्रमणकारीहरूबाट लक्षित हुनसक्ने प्रयोगकर्ताहरूलाई सूचित गर्न र सहयोग गर्न डिजाइन गरिएको' भनी व्याख्या गरिएको छ ।

# भोजन अभावमा जापानमा भालुको आक्रमणमा रेकर्ड वृद्धि

**सिन्ह्वा**

टोक्यो । अप्रिलदेखि अक्टोबरको बीचमा जापानमा भालुको आक्रमणमा परेका मानिसको सङ्ख्या एक सय ८० पुगेको पर्यावरण मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार उक्त सङ्ख्या आर्थिक वर्षका आधारमा सबैभन्दा बढी हो ।

आर्थिक वर्ष २००६ देखि तथ्याङ्क राख्न सुरु गरिएयता अहिलेसम्म यो सबैभन्दा खराब सङ्ख्या भएको मन्त्रालयले बुधबार प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको छ । आर्थिक वर्ष २०२० मा पछिल्लो उच्च रेकर्ड एक सय ५८ थियो ।

अप्रिलदेखि सुरु हुने आर्थिक वर्ष २०२३ मा अहिलेसम्म भालुहरूको आक्रमणमा पाँच व्यक्तिको ज्यान गएको प्रतिवेदनमा उल्लेख छ । अगस्टमा १५ जनामाथि भालुले आक्रमण गरेको थियो भने यो सङ्ख्या सेप्टेम्बरमा ३८ र अक्टोबरमा ७१ पुगेको थियो ।

उत्तरपूर्वी जापानको ताहोकू क्षेत्रमा कूल जनसङ्ख्याले करिब ७० प्रतिशत भाग ओगटेको छ । विशेषज्ञहरूका अनुसार पहाडहरूमा सुक्खा फलफूल (बदाम, ओखर आदि) को उत्पादन कम भएकाले पर्याप्त भोजन नपाउँदा यो वर्ष भालुहरू मानव बस्तीका वरपर धेरै पटक देखिएका थिए ।

मन्त्रालयले डिसेम्बरमा भालुहरू शीतनिद्रामा नगएसम्म अधिकतम सतर्कता अपनाउन आग्रह गरेको छ । "बेपत्ता मानिसहरूको खोजीमा उद्धारकर्मीहरूले रातभर काम गरिरहेका थिए र आज बिहान पुनः सुरु भएको छ", एक प्रहरी अधिकारीले भने ।

# दूधकोशी आयोजनामा लगानी गर्ने एडिबीको प्रतिबद्धता

काठमाण्डु । जलाशययुक्त आयोजनाका रुपमा परिचित दूधकोशीमा एसियाली विकास बैंक(एडिबी)ले लगानी गर्ने प्रतिबद्धता जनाएको छ । सो आयोजनाको क्षमता कूल छ सय ३५ मेगावाट रहेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, एडिबीका महानिर्देशक रमेश सुब्रमण्यम र एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वा सम्मिलित टोलीले आयोजनाको स्थलगत निरीक्षण गरेको छ ।

टोलीले आयोजनाको जलाशय क्षेत्र र विद्युत्गृहस्थलको निरीक्षण गर्दै बाँधस्थल



खोटाङको रखुवा बजारमा स्थानीय तहका जनप्रतिनिधिसँग अन्तरक्रिया गरेको थियो । कार्यक्रममा महानिर्देशक सुब्रमण्यमले आयोजना अगाडि बढाउन उच्च तहबाट भएको यो करिब-करिब अन्तिम निरीक्षण भएको भन्दै एडिबीको नेतृत्वमा जतिसक्दो छिटो वित्तीय व्यवस्थापन गर्न लागिएको बताउनुभयो ।

आयोजनालाई स्थानीय बासिन्दाबाट स्वीकार्यता रहेको उल्लेख गर्दै ३८ वर्षदेखि चर्चामा रहेका आयोजनाको प्राविधिक, वातावरणीय र सामाजिक पक्षलाई जति सक्दो छिटो टुङ्गो लगाएर निर्माणमा लैजानुपर्ने बताउनुभयो । आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजसहित दुई अर्ब २० करोड अमेरिकी डलर (करिब रु दुई खर्ब २५ अर्ब) रहेको छ । यसमध्ये ऋणबाट एक अर्ब ६८ करोड डलर ऋणबाट र बाँकी स्वपुँजीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने गरी तयारी भइरहेको छ ।

एडिबीको नेतृत्वमा विभिन्न अन्तर र्राष्टिय वित्तीय संस्थाबाट आयोजनामा एक अर्ब डलर सहुलितपूर्ण ऋण लगानी हुनेछ । यसमध्ये एडिबीले आयोजनामा ५५ करोड डलरको सहुलियतपूर्ण ऋण लगानीको प्रतिबद्धता जनाएको छ । एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वाले निर्णय प्रक्रियालाई तीव्रता दिन लगनशीलताका साथ काम गरिरहेको र नेपाल सरकारसँग बारम्बार वार्तामा संलग्न रहेको बताउनुभयो । उहाँले दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना एक 'मेगाप्रोजेक्ट' र सार्क क्षेत्रको अहिलेसम्मको सबैभन्दा ठूलो बाँध आयोजना भएको भन्दै स्थानीय समुदायमा धैर्यता राख्न आग्रह गर्नुभयो ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालको विद्युत् प्रणालीका लागि दूधकोशी महत्वपूर्ण आयोजना भएकाले एक वर्षभित्रमा (सन् २०२४ डिसेम्बर) एडिबीको नेतृत्वमा वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको बताउनुभयो । यसका लागि अहिले प्राविधिक, वातावरणीय र सामाजिक विषयहरुलाई अन्तिम रुप दिने काम भइरहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिले आयोजना अगाडि बढ्न नसक्दा स्थानीय रुपमा विकास निर्माणका क्रियाकलाप ठप्प भएकाले आयोजनाका विषयमा रहेको अन्यौलता तत्काल हटाउन आग्रह गर्नुभएको थियो । उहाँहरुले आयोजनालाई अगाडि बढाउन स्थानीय रुपमा आवश्यक सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । कार्यक्रममा चिसङ्खुगढी गाउँपालिका, ओखलढुङ्गाका अध्यक्ष निशान्त शर्माले आयोजनाको लामो अध्ययन चरणलाई तीव्रता दिई जग्गाको मुआब्जा वितरण र निर्माण तत्काल थालनी गर्नुपर्ने धारणा राख्नुभयो । शर्माले यसक्षेत्र भौगोलिक रुपमा दुर्गम तथा आर्थिक रूपमा अविकसित रहेको र यसै आयोजनाका कारण पुल, सडक निर्माण जस्ता पूर्वाधार विकासका विभिन्न आयोजना ठप्प भएकाले बाहिरी बसाइँसराइको दर बढ्दै गएको चिन्ता व्यक्त गर्नुभयो । उहाँले यस आयोजनालाई सफल पार्न स्थानीय तहको सम्पूर्ण सहयोग रहेको बताउनुभयो ।

त्यसैगरी, खोटाङको हलेसी तुवाचुङ नगरपालिकाकी प्रमुख विमला राईले स्थानीय बासिन्दाको लामो समयको प्रतिक्षाको अन्त्य हुने विश्वास व्यक्त गर्दै यो आयोजनाको काम चाँडो सुरु हुने विश्वास व्यक्त गर्नुभयो । प्रमुख राईले हलेसी तुवाचुङ नगरपालिका र खोटाङमा रहेको बसाइँसराइको प्रवृत्तिबारे जानकारी दिँदै आयोजना तत्काल सुरु भए बसाइँसराइको दरमा कमी आउन सक्ने सङ्केत गर्नुभयो ।

उहाँले आफू र स्थानीय समुदायले यो आयोजना विभिन्न चरणमा अगाडि बढिरहेको र समयमै सम्पन्न गर्न आतुर रहेको बताउनुभयो र यहाँको समुदाय यस आयोजनालाई सफल बनाउन मानसिक र भौतिक रूपमा तयार रहेको आश्वासन दिनुभयो । खोटाङको रावबेसी गाउँपालिकाका अध्यक्ष फटिककुमार श्रेष्ठले आयोजनाबाट प्रभावित जनताको जीविकोपार्जनमा सुधार आउने आशा व्यक्त गर्नुभयो । उहाँले आयोजना छिट्टै सुरु हुनेमा आफू पनि विश्वस्त रहेको बताउनुभयो । श्रेष्ठले आयोजनालाई प्रभावित जिल्ला हरेक व्यक्तिले सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो ।

दूधकोशी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङले आयोजनाको ऐतिहासिक सन्दर्भ, मुख्य प्रस्तावित संरचना तथा आयोजनको प्रगतिको वर्तमान अवस्थाका बारेमा जानकारी दिनुभएको थियो । उहाँले आयोजनाको काम सुरु गर्न आफ्नो दृढता प्रतिबद्धता व्यक्त गर्दै एडिबीबाट चाँडोभन्दा चाँडो आर्थिक सहयोग प्राप्त हुने आशा व्यक्त गर्नुभयो । गुरुङले आयोजनाले पहुँच सडक, पुल, र अन्य सम्बन्धित पूर्वाधार निर्माण र मर्मतसम्भार जस्ता अन्य विभिन्न गतिविधिहरू समेट्ने उल्लेख गर्नुभयो ।

आयोजना निर्माणबाट खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाका तीन हजार १ सय ३९ घरधुरी प्रभावित हुने छन् । जसमध्ये दुई सय ३८ घरधुरी पूर्ण दुई हजार नौ सय एक घरधुरी आंशिकरुपमा प्रभावित हुनेछन् । आयोजनाका लागि करिब ३० हजार रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने छ । जग्गा अधिग्रहणका लागि प्रक्रिया अगाडि बढाइएको छ । आयोजनाबाट वार्षिक रुपमा तीन अर्ब ४४ करोड युनिट विद्युत् उत्पादन हुने छ । यसमध्ये सुख्खायाममा एक अर्ब ३६ करोड र वर्षायाममा दुई अर्ब ८ करोड युनिट विद्युत् उत्पादन हुने छ । आयोजनाको निर्माण अवधि सात वर्षको रहेको छ । रासस

# खाद्यान्न र चिनीको अभाव हटाउन सांसदको माग

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरुले चाडपर्वका समयमा बजारमा खाद्यान्न र चिनीको अभाव देखिएको जनाउँदै खाद्यन्नको आपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा सांसद इन्दिरादेवी गौतमले इजरायमा हमासको नियन्त्रणमा रहेका भनिएका नेपाली विद्यार्थी विपिन जोशीलाई छुटाउन सरकारबाट भएको पहलका बारेमा जानकारी माग गर्नुभयो । साथै उहाँले वैदेशिक रोजगारीका लागि मेनपावर कम्पनीले निःशुल्क पठाउने भने पनि सर्वसाधारणबाट रकम उठाइरहेको जनाउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।



सांसद गङ्गाकुमारी वेल्वासेले चाडपर्वकाबेला बजारमा देखिएको खाद्यान्न र चिनीको अभाव तथा कालोबजारी नियन्त्रण गर्न माग गर्नुभयो । सांसद गोपाल भट्टराईले चाडपर्वका समयमा जनता महँगीको मारमा परेको र आधारभूत आवश्यकताको अभाव भएको, महँगी बढेको, चिनीको अभाव देखिएको भन्दै उचित व्यवस्थापन गर्न माग गर्नुभयो ।

सांसद तुलसाकुमारी दाहालले धनुषाका आरती साहको गत जेठ ६ गते ससुरालीमा हत्या भएको र आफन्तले न्यायका लागि माइतीघरका एक सय ३९ दिन धर्नामा बस्दासमेत न्याय नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद वामदेव गौतमले राष्ट्रियसभाबाट पारित भएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयकका बेला आफू अनुपस्थित रहेको जनाउँदै सो विधेयकमा गम्भीर त्रुटि रहेको बताउनुभयो । साथै उहाँले उक्त प्रावधानले नेपाली जनतालाई विभाजन गर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद भगवती न्यौपानेले तनहुँमा सुविधा सम्पन्न अस्पताल नभएको र उपचार नपाएर जनताले ज्यान गुमाउनुपरेको उल्लेख गर्दै सो सम्बन्धमा सरकारको सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद राधेश्याम पासवानले धनुषाकी आरती साहको हत्या भएको पाँच महिना भइसक्दा पनि न्याय नपाएको भन्दै तत्काल छानविन गरी दोषीलाई कारबाही गर्न माग गर्नुभयो । सांसद विमला घिमिरेले कपिलवस्तु-अर्घाखाँची सडकअन्तर्गत बाणगङ्गा नदीमा पुल निर्माणका लागि पाँच लाख मात्र विनियोजन गरिएको र यसले टेण्डर हुन नसेकेको भन्दै टेण्डर हुने गरी बजेट विनियोजन गर्न माग गर्नुभयो ।रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

जनकपुरधाम, धनुषा

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१७

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका करारमा घाँसको वेर्ना/वीउ/सेट्स उत्पादन कार्यक्रम संचालनका लागि 'कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)' तथा 'करारमा घाँसको बेर्ना/वीउ/सेट्स उत्पादन कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७९' मा उल्लेखित प्रावधान तथा शर्तहरु बमोजिम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषकहरुले देहायका कागजात सहित १५ औं दिन (मिति २०८०/०८/०१) सम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । रित्त नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धीत प्रस्तावदातालाई फिर्ता गरिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि यस कार्यालयको पशु विकास अधिकृत डा. सुनिल कुमार यादव (मोबाइल नं. ९८४५८२५१७२) र अधिकृत श्री विनोद पाण्डे (मोबाइल नं. ९८५४०२९८३१) लाई सम्पर्क गर्न हुन अनुरोध छ ।

देहाय

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम | अनुदान प्रतिशत | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|---|
| क. | करारमा घाँसको वेर्ना/वीउ/सेट्स उत्पादन कार्यक्रम | संख्या | ५ | रु. १ लाख | ५० | सहकारी संस्था कृषक, कृषक समूह वा व्यवसायिक फार्म |

तपसिल

१. रु. १० को हुलाक टिकट टाँसको फारम नं. २ अनुसारको प्रस्ताव/आवेदन,
२. आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,
३. समूह/समिति/सहकारी/व्यवसायिक फार्मले सम्बन्धीत निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी
४. स्थायी लेखा नम्बर (PAN) प्रमाण-पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, किसान परिचय पत्रको प्रतिलिपी तालिम, शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपीहरु,
५. फा.नं. ३ अनुसारको संक्षिप्त कार्य योजना, लागत प्रतिबद्धता (स्वघोषण)
६. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाण पुर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधीको) ।
७. कृषक समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धता (बैठक) निर्णयको प्रतिलिपी
८. कार्यक्रम संचालन हुने स्थानीय तहको कृषि एवं पशुपन्छी शाखाको सिफारिस
९. अन्य आवश्यक कागजातहरुः

**पुनश्च**ः प्रस्ताव/आवेदनको ढाँचा कार्यालयको वेबसाईटः (vhlsecdhanusha.p2.gov.np बाट डाउनलोड गरी) बाट प्राप्त गर्न सक्नेछ ।

**कार्यालय प्रमुख**


# श्रम स्वीकृतिका लागि नक्कली कागजात बनाउने पक्राउ

काठमाण्डु । श्रम स्वीकृतिलगायत वैदेशिक रोजगारीका लागि नक्कली कागजात बनाउने दुई जनालाई प्रहरीले पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ । उनीहरुलाई काठमाण्डु उपत्यका अपराध अनुन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा गोरखा बारपाक सुलिकोट-४ घर भई हाल काठमाण्डु बनस्थली बस्ने २३ वर्षीय अजित फेवाली र सोही ठाउँमा घर भई हाल काठमाण्डुको नागार्जुन-१ रानीवन बस्ने २१ वर्षीय विपीन ढकाल रहेका उपत्यका अपराध अनुन्धान कार्यालयका प्रवक्ता तथा



प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार भिजिट भिसामा विदेश जान लागेका व्यक्ति शङ्कास्पद रहेको भनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पठाइएका कागजातमध्ये सुजल हेङगजुको नाममा रहेको श्रम स्वीकृति नक्कली देखिएको थियो ।

उक्त कागजात बनाउने फेवाली र ढकाल रहेको अनुसन्धानबाट खुल्न आएकाले निजहरुलाई पक्राउ गरिएको केसीले बताउनुभयो । उनीहरुलाई कामपा-१३ मा घर भाडामा लिई वैदेशक रोजगारसम्बन्धी काम गर्ने ट्राभल्सबाट पक्राउ गरिएको थियो ।

उक्त ट्राभल्सको खानतलासी गर्दा ढकाल र फेवालीको मोबाइल एक/एक थानलगायत हन्य सामग्री बरामद गरिएको प्रहरी उपरीक्षक केसीले बताउनुभयो । उनीहरुलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त कालीमाटी पठाइएको उहाँले जानकारी दिनुभयो । रासस

# पाक्न लागेको धानमा कालोपोके रोग लागेपछि किसान चिन्तित

चितवन । धानबालीमा कालोपोकेको समस्या देखिएपछि यहाँका किसान चिन्तित भएका छन् । जिल्लाको पश्चिमी क्षेत्रमा लगाइएको धानमा कालोपोकेको समस्या देखिएको हो । पाकेर काट्नेबेला हुनै लागेको धानमा कालोपोकेको समस्या देखिएसँगै किसान चिन्तित बनेका हुन् ।

भरतपुर महानगरपालिका-१४ पटिहानीमा धानखेती गर्दै आउनुभएका किसान उमनाथ पौडेल यस वर्ष धानमा कालोपोके रोग महामारीका रुपमा फैलिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "जसरी मानिसमा कोरोना र गाईभैंसीमा लम्पी स्किन रोग फैलियो त्यसैगरी अहिले धानमा कालोपोके रोग महामारीका रुपमा फैलिएको छ । हामी काम गरेर खाने किसानको बिजोग भयो ।"

खासगरी समूहमा लागाइएको पटिहानीको सावा धानमा कालोपोकेको व्यापक महामारी फैलिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "धान काट्नका लागि अझै एक हप्ताजति लाग्छ । यो रोगको समस्या दिनानुदिन वढ्दै गएको छ ।" कालोपोके रोगका कारण धानको बीउ उत्पादन गर्न नमिल्ने भन्दै उहाँले रोग लागेको धान व्यापारीलेसमेत खरिद नगर्ने हुँदा थप समस्या भएको बताउनुभयो । गत वर्षको तुलनामा अहिले आधाभन्दा कम धान उत्पादन हुने उहाँले जानकारी दिनुभयो ।

भरतपुर महानगरपालिका वडा नं ५ तोरीखेतका किसान फणिन्द्र पङ्गेनीले पनि पाक्नै लागेको धानको बालामा कालोपोके लागेको र कालोपोकेका कारण धान उत्पादनमा कमी आउने भन्दै चिन्ता व्यक्त गर्नुभयो । उहाँ मात्रै नभएर उहाँसँगै छर छिमेकमा लगाएको धानखेतीमा समेत कालोपोकेको समस्या देखिए पछि गाउँनै चिन्तित भएको उहाँले जानकारी दिनुभयो ।

गत वर्ष एक कट्ठामा तीन मुरीभन्दा बढी धान उत्पादन गर्नुभएका पङ्गेनी यो वर्ष कट्ठाको एक मुरी दश पाथी पनि भित्र्याउने अवस्था नभएको बताउनुहुन्छ । "पहिलेका वर्षमा आँफूलाई खान पुग्ने धान अड्कलेर बाँकी धान बिक्रीवितरण गर्ने हामी किसान यस वर्ष बिक्री वितरण गर्न नपाउने भएका छौं", उहाँ भन्नुहुन्छ, "यो वर्ष रोगका कारण किसानको घरमा धान नहुने देखियो । अब के गर्ने ।"रासस


श्री के. एस. एच. एस.बी. माध्यमिक विद्यालय

खजुरी महुवा, जनकनन्दिनी गाउँपालिका, धनुषा, नेपाल

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०७/१६ गतेको निर्णय तथा जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषाको च.नं. ३५७ मिति २०८०/०६/२९ गतेका विज्ञापन गर्नका लागि प्राप्त अनुमति पत्रनुसार प्राविधिक धारतर्फ ११-१२ र सोही कक्षाहरुको साधारण तर्फको तपसिलका रिक्त पदहरुमा निम्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिकता प्राप्त गरेका उम्मेदवारहरुका लागि ३० दिने विज्ञापन प्रकाशन गरिएको छ ।

तपसिल

| विज्ञापन नं. ०१।२०८० | विज्ञापन नं. ०२।२०८० | विज्ञापन नं. ०३।२०८० | विज्ञापन नं. ०४।२०८० |
|---|---|---|---|
| **पदः**- मा.वि.विज्ञान शिक्षक द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माग संख्याः**- १ (एक)<br>**न्यूनतम शैक्षिक योग्यताः**- M.sc. Physics<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- मा.वि. अध्यापन अनुमति पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०८/१७ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म | **पदः**- मा.वि.गणित शिक्षक द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माग संख्याः**- १ (एक)<br>**न्यूनतम शैक्षिक योग्यताः**- M.sc. Math वासोसरह<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- मा.वि. अध्यापन अनुमति पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०८/१७ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म | **पदः**- प्रशिक्षक द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माँग संख्याः**- २ (दुई)<br>**न्यूनतम शैक्षिक योग्यताः**- M.E. सिभिल<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- नेपाल ईन्जिनियरिङ परिषद दर्ता प्रमाण पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०८/१७ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म | **पदः**- मा.वि.लेखा विषय द्वितिय श्रेणी<br>**किसिमः**- करार<br>**पद माँग संख्याः**- १ (एक)<br>**न्यूनतम शैक्षिक योग्यताः**- सम्बन्धीत विषयमा कम्तीमा स्नाकोत्तर उर्त्तिण तह उर्त्तिण गरेको<br>**उमेरः**- ४० वर्ष ननाघेको<br>**अनुमति पत्रः**- मा.वि. अध्यापन अनुमति पत्र<br>**परिक्षा दस्तुरः**- रु. २०००।- (दुई हजार मात्र)<br>**परिक्षाको किसिमः**- लिखित र अन्तवार्ता<br>**दरखास्त बुझाउने अन्तिम मितिः**- २०८०/०८/१७ गते सम्म<br>**फारम बुझाउने स्थान र समयः**- सम्बन्धीत विद्यालयमा विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म |

**नोट**:- परिक्षा दस्तुरको लागि श्री के.एस.एच.एस.वि.मा.वि. खजुरी महुवाको नाममा रहेको कृषि विकास बैंक खजुरीको खाता नं. १००५५०१४८७७६५०१९ मा जम्मा गरेको सक्कलै भौचर फारम सँगै टाँस गरि बुझाउनुपर्ने छ । साथै विशेष जानकारीका लागि मोबाईल नं. ९८४६०८९४०८ मा सम्पर्क गर्नुहोला ।

**प्रधानाध्यापक**

# पूर्व मेयरसहित चार जनामाथि अढाई करोड भन्दा बढीको मुद्दा दायर

**टुडे समाचारदाता**

रौतहट । चन्द्रपुर नगरपालिकाका पूर्व मेयर रामचन्द्र चौधरीसहित चार जनामाथि अढाई करोड भन्दा बढी विगो कायम गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।




अख्तियारले विभिन्न तीनवटा शीर्षकमा दुई करोड ६५ लाख २५ हजार दुई सय ६ रुपैयाँ विगो कायम गरी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्णकुमार सिग्देल, लेखा अधिकृत/राजस्व शाखा प्रमुख कृतिराज सुवेदी, मेयर रामचन्द्र चौधरी र आशिक कन्सट्रक्सनका सञ्चालक राम विनोद राउत वैरमाथि मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०७७/०७८ मा चन्द्रपुर नगरपालिकाले आशिक कंस्ट्रक्शनसंग मिलेमतो गरी नगरपालिका अन्तर्गत पर्ने चांदी खोलाको पूर्वाधार उपयोग कर संकलनको लागि लगाएको ठेक्कामा राजश्व छली गरेको भनी आयोगमा परेको उजुरीमा छानबिन गरी दोषी देखिएका सेवा अवकाश प्राप्त तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण सिग्देल, लेखा अधिकृत राजश्व शाखा प्रमुख कृतिराज सुवेदी र आशिक कंस्ट्रक्शन बृंदाबन नगरपालिका ६ का संचालक राम विनोद राउत बरैमाथि २८ लाख २५ हजार ५ रुपैयाँ ६५ पैसा विगो कायम गरी भ्रष्टाचार गरेको कसुरमा आरोप पत्र दायर गरिएको प्रवक्ता भोला दाहालले जानकारी दिए।

आयोगले जारी गरेको प्रेस विज्ञप्तिमा ठेक्का नम्बर १५/०७७/०७८ को आय ठेक्कामा कंट्रक्सनसंग समभ्कौता गर्दा तोकिएको नगद तथा बैंक जमानत पेश नगरी नलिइ मूल्य अभिवृद्धि कर समेत दाखिला नगराइ २८ लाख २५ हजार ५ रुपैयाँ ६५ पैसा बराबरको घटी राजश्व रकम असुल गरी राजश्व चुहावट गरी भ्रष्टाचार गरेको पुष्टि भएको उल्लेख गरिएको छ।

सिंगदेल र सुवेदीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ को खण्ड क बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा १ र दफा ३ को उपदफा १ को देहाय (छ) बमोजिम कैदको सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रकम २८ लाख २५ हजार ५ रुपैयाँ ६५ पैसाको दोब्बर जरिवानाको सजाय माग दाबी गरिएको छ।

आशिक कंस्ट्रकशनका संचालक राम विनोद राउत बरैलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ खण्ड क बमोजिमको कसुरको मतियार भइ सोही ऐनको दफा २२ प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको हुँदा उनलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ को खण्ड क बमोजिमको कसुरजन्य कार्यको आधार मानी मुख्य कसुरदार सरह सजाय हुन माग गरिएको छ।

त्यसै गरी आर्थिक वर्ष २०७७/०७८ मा चन्द्रपुर नगरपालिकाले आशिक कंस्ट्रक्शनसंग मिलेमतो गरी नगरपालिका अन्तर्गत पर्ने चांदी नदीको नदीजन्य पदार्थ उत्खनन तथा बिक्री गर्न लगाएको बोलपत्र नम्बर १९/०७७/०७८ समेतको ठेक्कामा अनियमितता गरिएको भनी परेको उजुरीको आधारमा अनुसन्धान गर्दा नगरपालिकाले आशिक कंस्ट्रकशनसंग समभ्कौता गर्दा नगद तथा बैंक जमानत दाखिला नगराई १७ लाख ६८ हजार भ्रष्टाचार गरेको तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा रहेको प्रावधान विपरीत तोकिएको परिमाण भन्दा बढी नदीजन्य पदार्थ उत्खनन गराइ ३७ लाख ३४ हजार २ सय ९८ रुपैयाँ ६ पैसा गरी जम्मा ५५ लाख २ हजार १ सय ९८ रुपैयाँ ६ पैसा रकम हिनामिना गरी भ्रष्टाचार गरेको अभियोगमा पूर्व मेयर रामचन्द्र चौधरी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिंगदेल, लेखा अधिकृत सुवेदी र कंस्ट्रकशन संचालक राम विनोद राउतमाथि आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

### अजिमुद्धिन हत्या प्रकरण :

# चार जनालाई पुर्पक्षका लागि कारागार पठाउने आदेश

**टुडे समाचारदाता**

राजविराज । प्रेम प्रसंगको विषयलाई लिएर एक युवाको हत्या गरेको आरोपमा पक्राउ परेका ४ जनालाई सप्तरी जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको छ।




कारागार चलान हुनेहरुमा सप्तरीको खडक नगरपालिका ११ बनौलीकी ३० वर्षीया वीणा देवी यादव, ३४ वर्षीय राम प्रकाश यादव, ३६ वर्षीय डम्बर नारायण साह र ४० वर्षीय छोटे लाल भन्ने धर्म देव साह छन।

न्यायाधीश हरिशचन्द्र इङ्गनामको इजलासले उनीहरु विरुद्ध परेको मुद्दामा थुनछेक बहस पछि बिहीबार पुर्पक्षका लागि थुनामा पठाउने आदेश जारी गरेको छ । घटनाको विवरण अनुसार मेला हेर्न गत भदौ २१ गते घरबाट निस्केका सोही वडाका १८ वर्षीय अजिमुद्धिन बेपत्ता भएका थिए।

परिवार तथा प्रहरीले खोजी कार्य तीव्र बनाएका बेला बेपत्ता भएको २१ दिन पछि १२ असोजमा हत्या गरी बोरामा राखेर फालेको अवस्थामा उनको सडेगलेको शव स्थानीय राम प्रसाद यादवले सञ्चालन गर्दै आएको कृषि फर्मको पोखरीबाट प्रहरीले फेला पारेको थियो । अनुसन्धानका क्रममा एक बालिकासंग भएको प्रेम सम्बन्धकै कारण अजिमुद्धिनको हत्या भएको तथा सो घटनामा ती चार जनाको संलग्नता रहेको खुलासा भएको थियो।


कारागार चलान हुनेमध्ये एक जना मृतकको प्रेम सम्बन्धमा रहेकी बालिकाकी आमा र अर्को काका रहेको प्रहरीको भनाइ छ।

स्थानीय हिरा फेकनी माध्यमिक विद्यालय बनौलीबाट यसै वर्ष एसइइ परीक्षा दिएका अजिमुद्धिनको सोही विद्यालयमा कक्षा ८ मा पढने एक बालिकासंग गहिरो प्रेम परेको र सोही प्रेम उनको हत्याको कारण बनेको प्रहरी अनुसन्धानमा खुलेको छ।

### नयाँ कृति

# मधेश प्रदेशमा पैदल अनुसन्धान

समय रोकिदैन । क्षण-प्रतिक्षण भावना र विचारका प्रवाह दगुरिरहन्छन्। परिवर्तनशीलताको सीमा छैन् । सामर्थ्य अनुरुप तिनको इयत्ता र महत्ता स्थापित हुन जान्छ। यही चक्रमा गहिराइको भेउ र ग्रहणशीलता भित्र रहेको क्षणले दृष्टिदर्शन गरेको कृति हो - मधेश प्रदेशमा पैदल अनुसन्धान। इतिहासमा विभिन्न गणराज्यको अनुभूति गरेको मधेशी समुदाय राज्यसत्ताको संस्कृति दुर्व्यवहारको शिकार बन्नुपरेको छ।




परिमाणतः ज्ञान उत्पादन परिदृश्यमा असमानताका कारण मानविकी तथा समाज विज्ञानको अध्यापन र अनुसन्धानको अवस्था दयनीय रहेको परिपेक्षमा प्रदेशमा लोकतान्त्रिक रुपमा ज्ञान उत्पादन , भुइँ तहमा आधारित व्यक्तिगत र नागरिक समाजको सस्थागत क्षमता अभिवृद्धि ,पैरवी अभिलेखीकरण , पैदल अनुसन्धान पहलले समाज विज्ञानका क्षेत्रमा अनुसन्धान गर्ने अवसरबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा वञ्चित भएकाहरुलाई समावेश गर्न पैरवी गर्ने सन्दर्भमा ज्ञानको दीप र विनम्र आकर्षणका रुपमा कृति अनुसन्धानको लोकतन्त्रीकरण गर्ने सम्भावनाको दृढता र पूर्णता दिने एक प्रकारको आकर्षण र अन्वेषण हो।

**स्थानीय सुहाउँदा नीति निर्माणका लागिसमेत उत्प्रेरित गरी मधेश प्रदेशमा विभेद ,सामाजिक सांस्कृतिक आयाम , स्थानीय सुशासन , सामाजिक तथा राजनीतिक हिंसा , भू स्वामित्वका मुद्दा सन्दर्भका शिक्षार्थीका लागि पठनीय र उपयोगी छ ।**

मार्टिन चौतारीद्वारा सोहनप्रसाद साह र देवराज हुमागाईंका सम्पादनमा प्रकाशित यो पुस्तकले मधेशको संस्कृति , जीवनशैली , भूगोलको आचार विचार , समान सहभागिता , इमान्दार स्वीकारोक्ति , पहिचान र न्यायोचित अधिकारका सवाललाई विमर्शात्मक लोकतन्त्रलाई प्रश्रय र नीति निर्माणमा प्रभावकारिता ल्याउने तथा विविध विषय तथा मुद्दामा पैरवी गरिरहेका अधिकारकर्मीहरुका अनुभव , सामाजिक , राजनैतिक मुद्दाको प्राज्ञिक अनुसन्धानको गम्भीर ज्ञान उत्पादनशाला दृष्टिदर्शन हुन्छ।

पाँच खण्डमा विभाजन गरी एक दर्जन लेख संगृहीत पुस्तकमा गोपाल ठाकुरको मधेश प्रदेशमा सोइत र सोलकन , वीपी साहको नयाँ मिडियामा मधेशी समुदाय विरुद्ध द्वेषपूर्ण अभिव्यक्तिले विभेदका सामाजिक तथा सांस्कृतिक आयामले हृदयका मसृण तन्तुलाई छोएको छ । विद्यमान विभेद र बहिष्करणका विभिन्न आयाम अन्तर्गत गोपाल ठाकुरले सोइत र सोलकन बीचको भाषिक , सांस्कृतिक र अर्थ राजनीतिक भिन्नता र विभेदलाई खोलीपाँसुली गरेका छन् । दुबैको अन्तर्द्वन्द्व भुसको आगो भ्कै फैंलिदो छ भन्दै जाति विशेषको द्वन्द्वले प्रदेशमा फरकखाले सामाजिक उथलपुथल ल्याउनसक्ने सम्भावनाप्रति सजग गराएका छन्। हन त ठाकुरले उल्लेख गरेका सोइतको संख्या न्यून रहेको छ। अतः सामाजिक उथलपुथलका अन्य प्रवृत्ति कारक हुनसक्ने मनोविज्ञानलाई नकार्न सकिदैन। वीपी साहले पत्रपत्रिका ,रेडियो र टीभी अनलाइन जस्ता मिडियामा मधेशी , आदिवासी र महिलालाई होच्याउने , मधेशी लबजलाई हास्य तत्वका रुपमा प्रस्तुत , मधेशीको पहिरन , आकृति , स्वरुप , व्यवसायप्रति द्वेषपूर्ण अभिव्यक्तिलाई संकलन गरी मधेशीप्रति भइरहेका बहुआयामिक विभेदलाई उजागर गरेका छन्।

परिस्थितिसँगको संघर्षमा विषमता , अस्तित्व र जीवनका अनेक आयाम अन्तर्गत ओमप्रकाश राम र रंजित कनौजियाको अनुसन्धानले नेपालमा पटक-पटक भएका राजनीतिक तथा आर्थिक परिवर्तनपछि आएका दर्जनौं कानुनी व्यवस्थाका बाबजुद दलित भूमिहीनता जस्ताको तस्तै जेलिएको अवस्थालाई केलाएको छ । नेपालका एक चौथाई घरपरिवारको प्रतिनिधित्व गर्ने १५ लाख परिवार अभ्कै भूमिहीन , स्वामित्वको समस्याले आक्रान्त छन् ।त्यस्तै असमान पहुँचको मुद्दा पनि विचारणीय छ। विषमताले घाँटी थिचिएको विपन्न मानव मानवता भन्ने वस्तुदेखि स्वय. त्रसित। प्रच्छन्न शोषकहरुले बाटाभरि बिच्याएका दाह्राहरुले गर्दा सोभ्का सीधा मानवलाई हिंड्ने धौ धौ परेको छ। आँखामा आँशुकको खहरे चलाएर मुटुको मुख थुनेर हिंडनु परेको खत्मा खातुन , देवनारायण मण्डल र जितेन्द्र कुशवाहाले नागरिक र जनप्रतिनिधिका संघर्ष गाथामार्फत समाजलाई बुभ्कने आँखीभ्क्याल भ्कैं देखिन्छन्।

व्यक्ति , जाति , लैंगिक , धर्म , सामुदायिक रुपले सामाजिक शक्तिको अुमानताले समाजमा हिंसा उत्पन्न हुन्छ । गुन्जन राय र सचिन खनालले सामाजिक तथा राजनीतिक हिंसा अन्तर्गत मधेश प्रदेशमा महिला बलात्कृत भएपछि न्याय खोज्ने क्रममा भोग्नुपरेका चुनौती ,जघन्य अपराधलाई सामान्य अपराधमा परिणत , सामाजिक संघर्षको ताप र रापमा खिइँदै अस्तित्व नै मैटाउने बाध्यकारी अवस्थाको बोघ गराइ रहेको छ।

संघीयता लागु भएदेखिनै संघ र प्रदेशमा सुशासनको बहस विभिन्न कोणबाट हुँदैआएको छ। मन्जु यादवले संघीयताको आधार भूमि मानिएको मधेश प्रदेशमा प्रादेशिक संसदीय अभ्यासको लेखाजोखा गर्दै प्रदेश सरकारले समितिहरुलाई असहयोग गरेको , समितिको निर्देशन सम्बन्धित मन्त्रालयले सुनुवाइ नगरेको र दलीय भागवन्डाको चेपुवा समितिहरु परेको , महिला बालबालिका सम्बन्धी समितिको नेतृत्वसमेत पुरुषलाई दिइएको उल्लेख गरी गम्भीर बहस गरेकी छन्। सुरेन्द्रकुमार कामतिले संसदीय विकास कोषमा व्यवस्था गरिएको रकम कार्यकर्तामुखी हुने गरेको , आयोजनाहरु दिगोभन्दा पनि कमसल र अधूरा हुँदा तिनले निम्त्याएको बेथितिलाई छर्लंग पारेको छ । त्यस्ते कुसुमलता तिवारीको मुख्यमन्त्री बेटी पढाउ , बेटी बचाउ कार्यक्रमको अनुसन्धानमा कार्यक्रमबाट किशोरीहरुको सामाजिक गतिशीलता र स्वतन्त्रता वृद्धि ,शैक्षिक निरन्तरता र सशक्तीकरणमा उल्लेखनयि भूमिका खेले पनि साइकल खरिदमा भएको अनियमितता , कमजोर सुशासन , अनावश्यक प्रशासनिक भ्कमेला र राजनीतिक खिचातानी लगायतका बहुरंगी पग्लाइ उजागर छ।

मधेश प्रदेशवासीले ज्ञान उत्पादनका राजनीतिमा भुइँ तहमा बसेर गर्ने पैरवीकर्ताहरुले अनुसन्धान गर्न जटिल भए पनि प्रस्तुत कृति अनुसन्धानको अवसर उपलब्ध गराइ भुइँ तहमा सिर्जित ज्ञानको व्यवस्थित दस्तावेजीकरण तथा प्रचार गर्ने सन्दर्भमा बोधगम्य छ। स्थानीय सुहाउँदा नीति निर्माणका लागिसमेत उत्प्रेरित गरी मधेश प्रदेशमा विभेद ,सामाजिक सांस्कृतिक आयाम , स्थानीय सुशासन , सामाजिक तथा राजनीतिक हिंसा , भू स्वामित्वका मुद्दा सन्दर्भका शिक्षार्थीका लागि पठनीय र उपयोगी छ।

# चोरीको मोटरसाइकलसहित तीन जना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । नगरपालिकाको मोटरसाइकल चोरी गरी भारतीय नम्बर प्लेट राखी चलाउँदै गरेको अवस्थामा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ।

मोटरसाइकलसहित पक्राउ परेकाहरुलाई प्रहरीले बिहीबार सार्वजनिक गरेको छ । जिल्लाको फतुवाबिजयपुर नगरपालिकाको ना १ ब ३७९० नम्बरको मोटरसाइकल गएको असोज २९ गते चोरी भएको थियो।

गौर नगरपालिका-१ कृष्ण मन्दिरस्थित राज प्रिन्टिङप्रेस अगाडि पार्किङ गरिराखेको अवस्थामा मोटरसाइकल चोरी गरेको आरोपमा गौर नगरपालिका-५ का नन्दलाल यादव, शिवमकुमार गुप्ता र ईशनाथ नगरपालिका-२ का दिलीप साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी निरीक्षक उमाशंकर गुप्ताले बताए।

'हामी अनुसन्धान गर्दै छौं । अरु पनि सवारी चोरीको घटनामा संलग्न हुन सक्छ,' उनले भने, 'सरकारी मोटरसाइकलमा भारतीय नम्बर प्लेट राखेर चलाइएको फेला पारेका हौं।' तीनै जनालाई कात्तिक १४ गते पक्राउ गरेको हो। अदालतबाट म्याद थपेपछि मात्रै प्रहरीले सार्वजनिक गरेको छ।

नगरपालिकाले चोरी भएको मोटरसाइकल खोजतलासका लागि जिल्ला प्रहरी कार्यालय गौरमा लिखित निवेदन दिएको थियो । मोटरसाइकलमा बिआर ३० क्यु ४८६८ भारतीय नम्बर राखेर प्रयोग गर्दै आएका थिए।

तीनै जनाविरुद्ध जिल्ला अदालतबाट म्याद थप गरेर अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ।

# आगोले जलेर वृद्धको मृत्यु

**टुडे समाचारदाता**

बारा । जितपुरसिमरा उपमहानगरपालिका वडा नं.१८ उचिडीमा आगोले जलेर एक वृद्धको मृत्यु भएको छ।

स्थानीय ८९ वर्षीया दुर्गा देवी दाहालको उपचारका क्रममा बिहीबार विहान मृत्यु भएको छ।

कार्तिक ७ गते विजया दशमीका दिन विहान घरमै पूजा गर्ने क्रममा दियोको आगो साडीमा सल्किएपछि जलेर दाहाल गम्भीर घाईते भएकी थिइन।

परिवारका सदस्यले तत्काल उद्दार गरी वीरगञ्जको नेशनल मेडिकल कलेज एण्ड टिचिङ्ग सेन्टर लगेका थिए। तर त्यहाँ उपचार सम्भव नदेखिएपछि सोही दिन काठमाण्डु लगिएको थियो।

जलेर घाईते भएकी वृद्धाको बिहीबार विहान साँढे ३ बजे कीर्तिपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ। मृतक दाहालको अनुहार सहित शरीरको ३५ प्रतिशत भाग जलेको थियो।

# महिलाको शव फेला

**टुडे समाचारदाता**

बारा । हत्या गरिएको अवस्थामा प्रहरीले एक महिलाको शव फेला परेको छ।

जितपुरसिमरा उपमहानगरपालिका वडा नं.६ नगौलमा बिहीबार विहान हत्या गरिएको अवस्थामा एक महिलाको शव फेला परेको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ।



बारा प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले घाँटी थिची हत्या गरिएको अवस्थामा खेतमा अन्दाजी २५ वर्षकी एक जना अज्ञात महिलाको शव फेला परेको बताए।

सल प्रयोग गरेर महिलाको घाँटी थिचिएर हत्या गरेको हुनसक्ने प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरी नायव उपरीक्षक न्यौपानेले जानकारी दिए। उनका अनुसार हत्या दुई/तीन दिन पहिला भएको हो।

तराई मूलकी जस्तो देखिने शवको अनुहारमासमेत किरा लागिसकेकोले महिलाको पहिचान गर्न कठिनाइ भइरहेको उनले बताए । महिलाको मुखमासमेत दुपट्टाको टुक्राहरू भेटिएको कारण मुख थुनेर सोही दुपट्टाले घाँटी थिची हत्या गरिएको हुनसक्ने अनुमान गरिएको छ।

स्थानीयले बिहीबार बिहान शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर पाए लगतै ईलाका प्रहरी कार्यालय सिमरा र जिल्ला प्रहरी कार्यालय बाराबाट तालिम प्राप्त कुकुर सहित प्रहरी घटनास्थलमा पुगेका थिए।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,**

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८